# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सिक्ने क्षमता मानिसमा मात्र हुन्छ । जन्मजात रूपमा मानिसले भाषिक सामर्थ्य लिएर आएका हुन्छन् । बालकहरू पनि मानिसको जन्मजात गुणका आधारमा भाषा सिक्दै जान्छन् । बालकले प्राकृतिक वा स्वाभाविक प्रकृतिबाट हिलो भाषा सिक्दछ । पहिलो भाषा भनेको बालकले आमाको काखमै सिकको भाषा हो । आमाको काखबाट बालकले पहिलो भाषा सिकाइको प्रारम्भ गर्ने हुनाले आमालाई पहिलो भाषाको शिक्षक मान्न सकिन्छ । आमाको काखबाट नै पहिलो भाषालाई मातृभाषाको रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६८:१) ।

भाषा मानवीय सम्पत्तिका साथै विचार सम्प्रेषणको महत्वपूर्ण माध्यम हो । भाषाको प्रयोग र आर्जन व्यक्तिले समाजमै गर्दछ । मानिसको उमेर र सामाजिक सम्पर्कको बिस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यवहार र सामाजिक व्यवहारको अभिन्न अङ्ग हो। यो वैचारिक आदानप्रदानका माध्यमबाट सम्पन्न हुन्छ। अरुद्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्नु आदान हो भने आफ्ना विचार एवम् भावनालाई अरु समक्ष सरल र सुगम प्रक्रिया भाषा हो (खनिया र अन्य, २०६६ : २)। भाषा शिक्षणमा साहित्यिक विधाहरूको उपयोग गर्न सकिन्छ। भाषा शिक्षण भनेको साहित्यिक शिक्षण होइन तर साहित्यका विविध विधामा प्रयुक्त शैलीका माध्यमले भाषाका विविध सिप तथा पक्षलाई सहयोग पुऱ्याउन सकिन्छ। त्यसैले सामान्यतः साहित्यिक आस्वासनका लागि र मूलतः त्यसका माध्यमबाट भाषा प्रयोगमा अभ्यस्त गराउन भाषा शिक्षणमा साहित्यको उपयोग गर्न सकिन्छ। भाषा शिक्षण भनेको भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिपहरू अभ्यासद्वारा मात्र प्राप्त गर्न सकिन्छ। भाषिक सिपको प्राप्तिका लागि विषयगत र विधागत प्रकृतिअनुसार अभ्यासहरूको योजना गर्नु जरुरी हुन्छ। जसका लागि विविध अभ्यासहरूको संयोजन गरिनु पर्दछ।

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरू पूरा गर्नका लागि तयार गरिएको पाठ्यपुस्तकलाई भाषा पाठ्यपुस्तक भनिन्छ। यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त हुने विषयवस्तु तथा विधाहरूको छनोट गरिन्छ र प्रस्तुतिकरणमा पनि सोहीअनुसार विशेष सचेतनाका साथ छनोट गरिएका सामग्रीहरू समावेश गरिएको हुन्छ। यसमा समावेश गरिने पाठ्यांश, नमुना तथा निर्देशन सिकारुको कक्षा, .स्तर, पूर्वज्ञान, भाषिक अनुभव र भाषा सिकाइको आवश्कताअनुसार निर्धारण गरिएका हुन्छन्। निर्धारित उद्देश्य परिपूर्तिका लागि उपयुक्त हुने गरी भाषा पाठ्यपुस्तकको छनोट गरिन्छ। यिनलाई भाषा शिक्षणका लागि महत्वपूर्ण र आधिकारिक

सामग्री माानिन्छ । पाठ्यपुस्तकको छनोट गर्दा विधागत विविधता तथा तिनको वितरण क्षेत्र र क्रमलाई महत्व दिनुपर्दछ । भाषा पाठ्यक्रमले पाठ्यवस्तु, शिक्षणका विधि तथा कार्यकलापका बारेमा निर्देश गरेको हुन्छ । त्यस अनुरूप मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । कुन विधा र पाठबाट के कस्ता प्रश्नहरू सोध्ने, तिनका लागि कति अङ्क दिने भन्ने कुरा पनि पाठ्यक्रमले निर्दिष्ट गरेको हुन्छ । त्यही अनुरूप पाठ्यपुस्तकमा विविध विधाहरूको संयोजन गरिएको हुन्छ । शिक्षण सिकाइका लागि पाठ्यपुस्तक सहयोगी सामग्री हुन् । कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । जसलाई पाठ्यक्रमको मर्मअनुरूप तयार पारिएको हुन्छ । अभ्यास, मूल्याङ्कन आदिका लागि सहयोग पुऱ्याउने भएकाले यसमा क्रमबद्धता र व्यवस्थितता एवम् आधिकारिकता जस्ता गुणहरू हुनु अपरिहार्य हुन्छ (भण्डारी, घिमिरे र नेपाल २०६८ : १९३) । पाठ्यपुस्तकमा भाषिक सिप विकास गर्ने प्रयोजन अनुरूपका अभ्यासहरू राखिएका हुन्छन् ।

भाषिक विषयवस्तुलाई संरचनात्मक स्वरूपमा प्रस्तुत गर्नुलाई विधागत प्रस्तुति भन्न सकिन्छ । भाषिक सिपहरूको विकासका लागि तिनै विधाहरूले विषयवस्तुलाई बोकेर ल्याएका हुन्छन् । त्यसैले के कस्ता पाठ्यवस्तुहरूलाई के कस्ता विधा वा संरचनामा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । पाठ्यपुस्तकमा उद्देश्य अनुरूप पाठ्यवस्तुहरू समेट्ने विधाको छनोट गरिएको हुन्छ । एउटै विधाले विविध विषयवस्तुमा संरचना पाएको हुन्छ तसर्थ विषयवस्तु र विधागत विविधता दिनु पनि पाठ्यपुस्तकको अनिवार्य सर्त हो । पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध/प्रबन्ध, चिठी, निवेदन, जीवनी, रूपक, संवाद, वादविवाद, मनोवाद, एकाङ्की, नाटक जस्ता विधाहरूमा भाषिक सिपको विकास गर्ने विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । तसर्थ प्रस्तुत अध्ययनमा पनि पाठ्यपुस्तकभित्र उपर्युक्त विधाहरूको समायोजना गरी त्यसकै सेरोफेरोमा अभ्यासहरू राखिएको छ । पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सिपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ । पाठ्यपुस्तकमा पाठअनुरूप, सिपपरक, विषयवस्तु अनुरूप, विधा अनुरूप भाषातत्व तथा शब्दभण्डारगत अभ्यासहरूको संयोजन गरिएको हुन्छ । हरेक अभ्यास प्रक्रियाहरूलाई आगमनात्मक ढङ्गमा र पाठ्यपुस्तकलाई विधिको ढङ्गमा आबद्ध बनाउने योजना पनि बनाउनु पर्दछ । सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सिपहरूको अभ्यास कस्ता पाठ र विधाबाट राख्ने भन्ने बारेमा राम्ररी ख्याल गर्नु पर्दछ । अभ्यासअन्तर्गत सुनाइ र बोलाइ सिपका लागि संवाद विधा, पढाइ र लेखाइ सिप अभ्यासका लागि कथा, निबन्ध जस्ता विधाहरू राख्न आवश्यक हुन्छ । अभ्यासले नै मानिसलाई पूर्ण बनाउने हुनाले कुनै पनि कार्यमा पूर्ण हुनु छ भने अभ्यास गर्नुपर्दछ । भाषा सिकाइमा त झन् बढी अभ्यास चाहिन्छ । भाषा पाठ्यपुस्तक भनेकै भाषा सिकाउन उपयोगी पुस्तक हुन् । त्यसैले

हरेक पाठका पछाडि विभिन्न अभ्यासहरू दिइनु आवश्यक हुन्छ । ती अभ्यासहरू चारओटै भाषिक सिपलाई हुनुपर्दछ । यसरी पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूलाई नमुना मानेर थप अभ्यास गर्नु नमुना अभ्यासको पहिचान हो । यसरी पाठका कुरा पढेर दिइएका समस्याको समाधान गर्नु अभ्यास गर्नु हो भने ती अभ्यासलाई नमुना मानेर अन्य धेरै अभ्यास गर्ने सिपको विकास गराउने उद्देश्य राख्नु नमुना अभ्यास हो । शब्दभण्डार बढाउन, विषयवस्तुको ज्ञान दिन, विवेचनात्मक प्रस्तुति दिन शैली र मौलिकता तता भाषिक शुद्धता र वर्णविन्यास, वाक्य गरे नगरेको थाहा पाउने र विद्यार्थीले आत्म मूल्याङ्कन गर्न सक्ने मुख्य आधार नै नमुना अभ्यास हो । यसर्थ भाषा सिकाइका क्रममा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारका रूपमा लिइन्छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नभई सम्भव हुँदैन । भाषा ज्ञान नभएर कला वा सिप भएकाले सिप प्राप्त गर्न अभ्यासको निकै ठूलो भूमिका रहेको हुन्छ । अभ्यास जति गऱ्यो कला वा सिप त्यति नै निखारिएर आउँछ । यसर्थ भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिनु पर्दछ (भण्डारी र अन्य, २०६६ : २) ।

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रूपमा रहँदै आएको छ। त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्ववपूर्ण स्थान छ। विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक हुन्छ। यस विषयलाई अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन गर्नुको उद्देश्य नेपाली भाषामा भाषिक सिपको विकास गराउनु हो । विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा अध्यापनको मुख्य उद्देश्य हो। भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ। त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सिप विकासका पक्षमा केन्द्रित गरिएको छ (आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८) ।

भाषा अभ्यासबाट सिकिन्छ। अभ्यास जति बढी हुन सक्छ, त्यति नै दिगो र स्थायी हुन पुग्दछ । अतः अभ्यासले मानिसलाई पोख्त बनाउँदछ भन्ने कथन भाषा सिकाइका सन्दर्भमा पनि निर्क सान्दर्भिक देखिन्छ। मातृभाषाकै पढाइ र लेखाइमा पनि विद्यार्थीले सचेत प्रयास र विशेष अभ्यास गर्नुपर्दछ। प्रशस्त पुनरावृत्तिको अभ्यास प्राप्त भएमा बानीको विकास राम्रो हुन्छ। फलस्वरूप पढाइ र लेखाइ पनि सहज हुन सक्छ । यसरी पहिलो भाषाको सिकाइमा त अभ्यासको निकै खाँचो पर्दछ भने दोस्रो भाषा सिकाइका लागि त अभ्यासको भूमिका महत्वपूर्ण रहन्छ (शर्मा र पौडेल, २०६८ : ७) । विद्यार्थीलाई भाषिक सिपमा निपूर्ण बनाउन नमुना अभ्यास मात्र राम्रो भएर हुँदैन । उनीहरूमा सिकाइप्रति अभिरुचि बढाउन पाठ्यपुस्तकको विशेषतामा पनि ध्यान

दिनुपर्दछ । पाठ्यपुस्तकका यस्ता विशेषताहरू आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । जस अन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार भाषा संरचना, अभ्यास चित्र एवम् अन्य कुरा प्रस्तुतिगत थगा साङ्गठनिक उपयुक्तताजस्ता कुरालाई आन्तरिक विशेषताका रूपमा हेरिन्छ भने स्वरूप तथा बनोट, आवरण, अग्रभाग, अक्षराकार, किनारा अन्तराल छपाइ, बँधाइ, कागजीस्तर मूल्य एवम् सुलभता, विविध आदिलाई बाह्य विशेषताका रूपमा लिइन्छ ।

## १.२ समस्या कथन

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७१/७२ को शैक्षिक सत्रदेखि लागु हुने गरी कक्षा आठमा नयाँ पाठ्यपुस्तक लागु गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले देशका सम्पूर्ण पक्षहरूलाई हेरेर पाठ्यक्रमको निर्माण गर्ने जमर्को गरी सैद्धान्तिक ढाँचाको निर्माण गर्दछ जसअनुसार पाठ्यपुस्तक निर्माण हुन्छ । विद्यालयको परिवेश तथा आर्थिक अवस्थाले सबै विद्यालयसम्म आधुनिक प्रविधि गुणस्तरीय शैक्षिक सामग्री उपलब्ध गराउन नसकेर विद्यार्थीहरूलाई पठनपाठन बोझ हुन पुगेको छ ।

भाषा सिकाइअन्तर्गत कुनै खास कक्षा वा स्तरमा दिइने शब्दज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना कौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण तथा अभिनय आदि वार्तालाप सन्दर्भ क्रियाकलाप प्रशिक्षण निमित्त तयार पारिएको पाठ्यक्रमको सङ्गठित रूप नै भाषा कार्यक्रम हो (ढुङ्गेल र दाहाल, २०६३:८) । त्यसैले भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्ति गर्ने खालका सामग्रीको संयोजनमा सावधानी अपनाउनु पर्ने देखिन्छ । भाषा अभ्यास र पुनरावृत्तिबाट सिर्जना हुने भएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू भाषिक सिप विकासका लागि उपयुक्त छन् छैनन् ? तिनीहरूको पाठ्यक्रमसँग कस्तो सङ्गति छ ? कक्षागत र स्तरगत आधारमा उपयुक्त छन् कि छैनन् ? भन्ने कुराको अध्ययन महत्वपूर्ण हुने देखिन्छ ।

प्रस्तुत *कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन* शीर्षकको शोधकार्यबाट सम्बन्धित पाठ्यक्रमका सापेक्षतामा पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारको अध्ययन गरी नयाँ क्षेत्रमा खोजपूर्ण जानकारी प्राप्त हुनेछ साथै उक्त पाठ्यपुस्तकमा दिइएका शब्द भण्डारहरूको प्रस्तुतिमा देखिएका कमी कमजोरी औँल्याउने भएकाले नयाँ पाठ्यपुस्तक निर्माण गर्दा ती कमजोरीलाई सुधार्न मार्ग प्रशस्त बनेको छ । यस शोधकार्यमा नमुना अभ्यासलाई सिपगत आधारमा विश्लेषण गरिएको छ । यसबाट शिक्षक तथा विद्यार्थीले के-कस्ता भाषिक सिप विकासमा लागि कुन कुन अभ्यास र कार्यलाई कति महत्व दिनुपर्छ भन्ने कुरा थाहा पाउन मद्दत मिल्नेछ । शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया बढाउन आवश्यक कार्यकलाप

गर्न समेत मद्दत मिल्ने देखिन्छ । यस अध्ययनले सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको सुधारमा समेत सहयोग पुऱ्याउने देखिन्छ । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क. कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारहरूले विद्यार्थीहरूको भाषिक सिप विकासका दृष्टिले कस्ता छन् ?

ख. ती शब्द भण्डारहरूमा भाषाका चारै सिपको सन्तुलन कायम गरिएको छ/छैन ?

ग. कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारका सबल तथा दुर्बल पक्ष के के हुन् ?

घ. यसमा सुधारात्मक पक्षहरू के के रहेका छन् ?

## १.३ अध्ययनको औचित्य र महत्व

भाषाशिक्षण सिपहरूको शिक्षण हो (शर्मा र अधिकारी, २०६१:३) । विचार विनिमयको माध्यमको रूपमा भाषाको व्यवहार गरिन्छ । भाषाशिक्षणको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सिपको विकास गराउनु हो । भाषामा भएका चार सिपलाई सार्थक रूपले व्यवहारमा लागू गर्न तथा भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउनका लागि पाठ्यक्रम निर्माण गरिन्छ। भाषा पाठ्यक्रमका लक्षित उद्देश्यहरू परिपूर्ति गर्नका लागि पाठ्यक्रमको भूमिका महत्वपूर्ण देखिन्छ। भाषा पाठ्यक्रम जतिसुकै राम्रो बनाए पनि सो अनुरूपको पाठ्यपुस्तक निर्माण हुन सकेन भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न सकिँदैन (अधिकारी, २०५९:२५) । भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्ति गर्ने खालका सामग्रीहरूको संयाजनमा सावधानी अपनाउनु पर्ने देखिन्छ। पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, आवश्यकता, क्षमता, स्तर, तह आदिका आधारमा निर्माण गरिनु पर्दछ। भाषा पुनरावृत्ति र अभ्यासका माध्यमबाट सिकिने भएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारहरू भाषिक सिप विकासका लागि उपयुक्त छन् वा छैनन् ? तिनीहरूको पाठ्यक्रमसँग कस्तो सङ्गति छ भन्ने कुराको अध्ययन महत्वपूर्ण हुने देखिन्छ। तसर्थ यस अनुसन्धानले शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक र अध्ययन अनुसन्धानकर्ताका निम्ति सहयोग गर्नेछ। भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डार सम्बन्धी विभिन्न अध्ययन भएका छन्। यो क्षेत्र शोधकार्यका लागि आकर्षक रहेको देखिन्छ। यस कार्यबाट पाठ्यक्रम, पाठ्यपुस्तकको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ। यस शोधमा भाषाका शब्द भण्डारहरूलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका आधारमा अध्ययन गरिएको छ। यस्तो अध्ययनमा भाषा पाठ्यपुस्तकमा विद्यार्थीको तहअनुसार शब्द भण्डारको छनोट गर्नुका साथै भाषिक कुशलताको विकास, विधा र प्रकृतिअनुरूपका शब्द भण्डार भए नभएको थाहा पाउन सकिने छ। यस्तो अध्ययनबाट शिक्षक र विद्यार्थीबीच

अन्तरक्रिया बढाउन, आवश्यक क्रियाकलाप बढाउन समेत सहयोग मिल्नेछ । अभ्यास निर्माणले भाषाका शिक्षणीय उद्देश्य प्राप्तिका लागि सिकाइमा सकारात्मक तथा नकारात्मक पक्षको चिनारी गराइएको छ । त्यसकारण भाषाको सिप सिकाइमा शब्द भण्डार महत्वपूर्ण गुण निर्धारक तत्वका रूपमा रहने देखिन्छ ।

आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकको यस अध्ययनबाट पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन गरी यसका सकारात्मक र कमजोर पक्षहरू पहिचान गरी निष्कर्ष तथा सुझावहरू प्रदान गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारहरूको प्रस्तुतिमा देखिएका कमजोरीलाई पहिचान गरी नयाँ पाठ्यपुस्तक निर्माणका क्रममा आवश्यक सुधार गर्न सहयोग पुग्नेछ । भविष्यमा संशोधन गरिने अभ्यासहरू स्तरीय बनाउनका लागि यस्तो अध्ययन महत्वपूर्ण हुने देखिन्छ । पाठ्यपुस्तकमा शब्द भण्डार कसरी राखेमा लक्षित उद्देश्य हासिल गर्न सहयोग पुग्दछ भन्ने जानकारी प्राप्त गर्न सहयोग गर्नेछ । यस क्रममा यस्ता अभ्यास खण्डको वर्गीकरणबाट ज्ञान, बोध र प्रयोग क्षेत्रका सिपगत पक्षको अध्ययन गरिने भएकाले शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद् पाठ्यपुस्तक लेखक, भावी अनुसन्धानकर्ता, समालोचक र सम्बन्धित सरोकारवाला सबै पक्षलाई सहयोगी सिद्ध हुने भएकाले समग्र अध्ययन औचित्यपूर्ण र महत्वपूर्ण हुने देखिन्छ ।

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. विद्यार्थीहरूको भाषिक सिप विकासका दृष्टिले कक्षा आठका शब्द भण्डारहरूको अध्ययन गर्नु,

ख. उक्त अभ्यासमा भाषाका चारै सिपको अवस्था पत्ता लगाउनु

ग. उक्त पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारका सबल तथा दुर्बल पक्षहरू पत्ता लगाउनु,

घ. यस पाठ्यपुस्तकमा सुधारात्मक पक्षहरू पत्ता लगाउनु ।

### १.५ अध्ययनको परिसीमा

यो अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारको अध्ययनमा मात्र सीमित रहेको छ । भाषिक सिप विकासका दृष्टिले शब्द भण्डारको अध्ययन गरी आवश्यक सुझाव पेश गरिएको छ भने यस अध्ययनमा शब्द भण्डारका अभ्यासहरूको अध्ययन गरिएको छ ।

शब्दभण्डारसम्बन्धी विभिन्न अनुसन्धान भए तापनि कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा प्रयुक्त शब्द भण्डारमा केन्द्रित भई आजसम्म कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धान कार्य गरेको हुनाले यस सम्बन्धमा यो अनुसधान मौलिक रहेकाले यो शीर्षकमा अनुसन्धान कार्य गरिएको हो ।

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

भाषा सिक्नका लागि सबैभन्दा राम्रो उपाय भाषिक सिपहरूको अभ्यास हो। त्यसैले अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिइन्छ। पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्यहरू हासिल भए भएनन् भनेर जाँच्ने माध्यमका रूपमा अभ्यासलाई लिइन्छ। त्यसैले भाषा सिकाइलाई प्रभावकारी रूपले सञ्चालन गर्न शब्द भण्डार महत्वपूर्ण सामग्री मानिन्छ। पाठ्यपुस्तकमा समावेश गरिएका शब्द भण्डारले पनि विद्यार्थीहरूमा अभ्यास र पुनरावृत्तिप्रति जोड दिएको हुन्छ। पटक पटकको अभ्यासबाट नै सही रूपमा सिकाइ निपूणता हासिल हुन्छ। भाषा पाठ्यपुस्तकमा सिकारुलाई अभ्यासमा सहभागी गराउनका लागि विभिन्न किसिमका शब्द भण्डारहरू समावेश गरिएको हुन्छ। जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ। यस अध्ययन कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ। विभिन्न तहमा नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेश गरिने हुन्छ। जसले गर्दा उनीहरूमा विषयवस्तुगत ज्ञान तथा भाषिक निपूणता हासिल गर्न मद्दत मिल्दछ।

यस अध्ययन कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ। विभिन्न तहका नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र ती पाठ्यपुस्तकमा समावेश गरिने शब्द भण्डारको अध्ययनलाई अनुसन्धानको महत्वपूर्ण क्षेत्रका रूपमा लिइन्छ तसर्थ प्रस्तुत शीर्षकका लागि सहयोगी सिद्ध हुने पूर्वकार्यको समीक्षा गर्ने प्रयास गरिएको छ।

अर्याल (२०५९) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ। सो शोधकार्यको उद्देश्य कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षको पहिचान गर्नु साथै नमुना अभ्यासको वर्गीकरण गर्नु गरेको छ। वर्णनात्मक ढाँचामा गरिएको सो अध्ययनले नेपाली भाषा शिक्षणका लागि राखिएका नमुना अभ्यासहरू विद्यार्थी र शिक्षकका लागि उपयुक्त र वैज्ञानिक रहेको, पाठ्यपुस्तकमा सिप पक्षलाई बढी महत्व दिएको भए तापनि बोधात्मक अभ्यासहरू सन्तुलित नरहेको निष्कर्ष निकालिएको छ। यति हुँदाहुँदै पनि शोधकार्यको संरचनागत प्रस्तुति भने उपयुक्त नै देखिन्छ।

गेलाल (२०६८) द्वारा *कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोधकार्यको उद्देश्य पाठ्यक्रमको

उद्देश्य अनुरूप नमुना अभ्यास भए नभएको पहिल्याउनु रहेको छ । जसमा पढाइ, लेखाइजस्ता सिप विकासमा सहयोग पुऱ्याउने, मौलिक सिर्जनाका निम्ति सिर्जनात्मक अभ्यास रहेको, कतिपय अभ्यासको निर्देशन स्पष्ट नभएर अन्यौलता देखिएको, रूपक, दैनिक तथा संवाद विधा समावेश गरिनुपर्ने देखिए पनि समग्रमा औसत रूपमा रहेको निष्कर्ष निकालिएको छ ।

ढुङ्गाना (२०६९) द्वारा *कक्षा छको हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन* शीर्षकका शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य उल्लिखित पाठ्यपुस्तकमा पाठ्यपक्रमको उद्देश्य अनुरूप नमुना अभ्यास भए नभएको पहिल्याउनु रहेको छ । पुस्तकालयीय तथा तुलनात्मक विधिमा केन्द्रित रहेर तयार पारिएको यस अध्ययनले भाषिक सिप सम्बन्धी अभ्यासका क्रमशमा सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई महत्व दिइएको छ । भने दोस्रोमा क्रमशः सुनाइ, पढाइ, बोलाइ, लेखाइलाई महत्व दिएको, भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू पहिलोमा भन्दा दोस्रोमा दोब्बरभन्दा बढी समावेश गरिएको हुनाले यस आधारमा दोस्रोमा भन्दा पहिलोमा भाषिक सिप विकसतर्फ कम जोड दिइएको छ ।

काफ्ले (२०६९) द्वारा *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । यो शोधकार्यको उद्देश्य कक्षा पाँचको नेपाली किताबमा समावेश भएका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु रहेको छ । जसमा नमुना अभ्यासलाई ज्ञान, बोध तह तथा व्यवहारिक सिप समेट्ने सिपमूलक र व्यवहारिक, सरलदेखि जटिलको क्रममा राखेको, भाषिक सिपका दृष्टिले सन्तुलन मिलाउन खोजेको कुरालाई सबल पक्ष मान्दै सुनाइ तथा बोलाइ सिपमा जोड दिने तथा चित्रात्मक अभ्यासमा अझ बढी जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

पराजुली (२०६९) द्वारा *कक्षा छको हाम्रो नेपाली किताब रसिलो नेपाली भित्र सामाविष्ट नमुना अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । जसको उद्देश्य दुवै पाठ्यपुस्तकमा नमुना अभ्यासको तुलनात्मक अध्ययन गर्नु रहेको छ । यसमा तुलनात्मक अध्ययन गरी हाम्रो नेपाली किताबमा शब्दार्थ बढी रहेको, दुवैले शब्दभण्डार र शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई बढी जोड दिएको, व्याकरण अभ्यासलाई हाम्रो नेपालीले राम्रोसँग प्रस्तुत गरेको र दुवैले सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्व दिएको निष्कर्ष निकालिएको छ ।

राई (२०७४) द्वारा *उर्वशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दको अध्ययन* शीर्षकमा शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको लागि शोधपत्र तयार पारेको देखिन्छ । उक्त शोधपत्रमा उर्वशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु, शब्दवर्ग पत्ता लगाउनु त्यस्तै तत्सम शब्दहरूको बनोट प्रक्रिया र

तत्सम शब्दहरूको आवृत्तिको अध्ययन गर्नु त्यस शोधपत्रको उद्देश्य रहेको पाइन्छ । उक्त शोधपत्र तयार पार्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस शोधपत्रले स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थी र त्यस तहमा अध्यापन गर्ने शिक्षकका साथै उर्वशी खण्डकाव्य अध्ययन गर्ने सम्पूर्ण सरोकारवालालाई समेत उपयोगी हुने देखिन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

शब्द भण्डार सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले तुलनात्मक अध्ययन, पाठ्यक्रमको अनुरूपात्मक अध्ययन, समग्र शब्द भण्डारको विश्लेषणात्मक अध्ययन शीर्षकमा गरिएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछन् । अध्ययनबाट निकालिएका निष्कर्षहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी पत्ता लगाई कमजोरी निराकरण गर्न मद्दत मिल्दछन् । पाठ्यक्रमले निर्देश गरे अनुसार विषयवस्तुको संयोजन गरी सोही अनुरूपको नमुना अभ्यास तथा शब्द भण्डार भए नभएको, पाठ्यक्रमको उद्देश्यले समेट्न सके नसकेको कुरा थाह पाउन पनि नमुना अभ्यास तथा शब्द भण्डार सम्बन्धी अध्ययन उपयोगी हुने देखिन्छ । यस अध्ययनले शिक्षक विद्यार्थी तथा पाठ्यक्रमविद्हरूलाई थप सामग्रीका रूपमा प्रत्यक्ष सहयोग गर्नेछ । शब्द भण्डार सम्बन्धी गरिएका प्रस्तुत पूर्वकार्यहरूले शिक्षकलाई शिक्षण सिकाइ कार्यकलापमा तथा विद्यार्थीहरूलाई भाषिक सिप हासिल गर्न मद्दत पुग्ने देखिन्छ । प्रस्तुत पूर्वकार्यहरूबाट निकालिएका निष्कर्षहरूका आधारमा शब्द भण्डारलाई विभिन्न दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको भए तापनि परिमार्जित पाठ्यक्रम अनुरूपको यस पाठ्यपुस्तक कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारहरूको अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।


## २.३ सैद्धान्तिक अवधारणा

भाषा सिकाइले सिकारुमा भाषिक ज्ञान नदिएर भाषिक सिपमा दक्षता हासिल गर्न मद्दत गर्दछ । जसका लागि अभ्यास अनिवार्य सर्तका रूपमा रहन्छ । भाषा पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष नै अभ्यास हो । अभ्यासबाट नै विद्यार्थीमा भाषिक सिपको विकास हुन्छ र ऊ दक्ष बन्न सक्दछ (भण्डारी र अन्य, २०६८:२१७) ।

अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिइन्छ । भाषाका चारै सिपलाई अत्यन्त महत्त्वपूर्ण रूपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी सम्भव हुँदैन ( गेलाल, २०६८:१०) ।

भाषा सिकाइलाई ज्ञानमुखी बनाउनु पर्ने भएकोले भाषा सिकाइमा शब्द भण्डारलाई महत्वपूर्ण सामग्रीका रूपमा लिनु पर्दछ । भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिने विषयवस्तु भएकाले पाठ्यपुस्तकमा समावेश गरिने अभ्यासहक पनि अभ्यासोन्मुख हुनुपर्ने र सम्बन्धित विषयवस्तुको नजिक रहेर सिर्जनात्मक र वैज्ञानिक ढाँचामा निर्माण गरिनुपर्दछ । जसबाट अध्ययन अनुसन्धानका क्षेत्रमा नयाँ सिकाइको सिद्धान्त निर्माण गर्न मद्दत मिल्दछ ।

भाषा सिकाइका सैद्धान्तिक आधारका रूपमा प्याभलभ र स्किनरको व्यावहारवादी सिद्धान्त तथा पियाजे, कोहलर लगायतको मनोवादी सिद्धान्तका मान्यताहरू रहेका छन् । निरन्तर अभ्यासले नै सिकाइलाई व्यवस्थित र विश्वसनीय बनाउँदै लैजाने भएकाले सैद्धान्तिक अवधारणात्मक ढाँचा अनुरूप पाठ्यपुस्तकमा अभ्यासलाई समावेश गर्नुपर्दछ । नमुना अभ्याससँग सम्बन्धित विषयवस्तु भएकाले अभ्यास तथा पुनरावृत्ति वा सिकाइको सिद्धान्तसँग नजिक रहेर विश्लेषण गर्न सकिन्छ । स्किनरको कार्यवाहक सम्बन्ध प्रत्यावर्तनको सिकाइ सिद्धान्तले पटक पटकको अभ्यास तथा पुनरावृत्तिबाट सफलता प्राप्त गर्न सकिने । कुरालाई जोड दिएको छ । उनको परेवा र मुसामाथिको प्रयोगले यसै कुराको पुष्टि गर्दछ  स्किनरले स्किनर बाकसभित्र मुसालाई राखेर पटक पटकको अभ्यासबाट मात्र लिभर थिच्न सफल भएको कुरा प्रयोगबाट देखिएको छन् । त्यसैगरी सिकाइ पनि पटक पटकको अभ्यासबाट प्राप्त हुने कुरा हो । पाठ्यक्रमले भाषा पाठ्यपुस्तकको निर्माण नै अभ्यासपरक रूपमा गर्नुपर्ने हुन्छ । अनिमात्र पाठ्यक्रमको राखेको उद्देश्य पूरा हुन सक्छ । यस शोधकार्यमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारहरू पाठ्यक्रमको मर्म अनुरूप भए नभएको, भाषिक सिपलाई उजागर गर्न सक्षम भए नभएको विषयमा पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा विश्लेषण गरिएको छ । यस शोधकार्यको आवधारणात्मक ढाँचालाई चित्रात्मक रूपमा तल देखाइएको छ ।




आधारभूत शिक्षा पाठ्यक्रमले नि.मा.वि. तह कक्षा आठको नेपाली भाषा पाठ्यक्रम तयार गरी वि.सं. २०७२ सालदेखि लागु गरेको छ। यस पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारहरू पाठ्यक्रम अनुरूप भए नभएको, भाषिक सिप विकास गर्ने नगर्ने जस्ता समस्यामा आधारित भएर निष्कर्ष निकालिएको छ।

## अध्याय तीन : अध्ययनको संरचना र विधि

यस शोधकार्यका लागि पुस्तकालयीय, तुलनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिहरूको प्रयोग गरिएको छ। विभिन्न सामग्रीहरूको सङ्कलन गरी त्यसको व्याख्या गरिएको छ। साथै सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी त्यसको व्याख्या विश्लेषण गरिएको छ। यस अध्ययनका लागि गुणात्मक विधिको प्रयोग गरिएको छ।

### ३.१ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) जनसङ्ख्याका रूपमा रहेको छ भने त्यसभित्रका नमुना अभ्यासमा प्रयुक्त शब्दहरू नमुनाका रूपमा रहेका छन्।

### ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत शोधकार्य प्राथमिक तथा द्वितीय स्रोतको सामग्रीको प्रयोगमा आधारित रहेको छ। खासगरी प्राथमिक सामग्रीको शुद्धता र स्तरीयतामा नै अनुसन्धान निर्भर हुने भएकाले प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीलाई वस्तुगत बनाई पूर्णता प्रदान गर्न द्वितीय स्रोतको समेत उपयोग गरिएको छ।

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ। खासगरी भाषिक सिप अभिवृद्धि गर्न शब्द भण्डारहरू के कति उपयुक्त छन् भन्ने कुरामा यो अध्ययन पूर्ण रूपमा केन्द्रित हुनाले सम्बन्धित पाठ्यपुस्तकलाई नै प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.२.२ द्वितीयक स्रोत

प्राथमिक स्रोतका अलावा तथ्य सङ्कलन गर्न द्वितीय स्रोतको पनि सहयोग लिइएको छ। यस क्रममा विभिन्न पाठ्यपुस्तकहरू, शिक्षक निर्देशिका, शोधपत्रहरू, सन्दर्भ पुस्तकहरू खोजी गरी अध्ययन गरिएको छ।

### ३.३ तथ्याङ्क सङ्कलनका प्रक्रिया, साधन

यस शोधकार्य तयार गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। पुस्तकालयबाट विभिन्न पुस्तक, अभ्यास सम्बन्धित पुस्तकहरू तथा शोधपत्र अध्ययन गरिएको छ। त्यसैगरी कक्षा

आठको भाषा पाठ्यपुस्तक र पाठ्यक्रमको अध्ययनबाट पुस्तकमा भएका शब्द भण्डारलाई तालिका निर्माण गरी राखिएको छ । शब्द भण्डारलाई विधाअनुसार भाषाका चारै सिपमा आधारित अभ्यासहरू छुट्याइएको छ ।

### ३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययन पुस्तकालयीय अध्ययन विधिमा केन्द्रित रहेको छ। यस क्रममा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिबाट अध्ययन व्याख्या र विश्लेषण गरिएको छ। भाषा पाठ्यपुस्तकमा भएका अभ्यासलाई भाषिक सिप अभिवृद्धिका दृष्टिले विश्लेषण गरिएको छ ।

# अध्याय चार : नतिजा/परिणाम र छलफल

## ४.१ परिचय

भाषालाई कुशल ढङ्गले व्यवहार गर्ने कला नै भाषिक सीप हो । भाषिक सीपमा अभ्यस्त बनाउनका लागि अभ्यासको धेरै महत्व हुन्छ । अभ्यासले नै मानिसलाई भाषिक व्यवहार गर्न सक्षम बनाउँछ । भाषालाई व्यवहार गर्न चाहिने सीपहरू मध्ये सुनाइ, बोलाइ पढाइ र लेखाइ भाषाका आधारभूत सीप हुन् । ती मध्ये सुनाइ र पढाइ ग्रहणात्मक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत सीप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सीप हुन् पढाइ र लेखाइका लिपिबद्ध सीप हुन् । भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सीपहरू प्रमुख रहन्छन् । सुनाइ र बोलाइ सरल एवम् पूर्ववर्ती सीप हुन् भने पढाइ र लेखाइ तीभन्दा जटिल उत्तरवर्ती सीप हुन् । यिनीहरूको क्रमजस्तो भए पनि कक्षाको स्तरअनुसार सबै सीपहरूको शिक्षण गर्नु अवश्यक हुन्छ अनि कक्षा वा स्तर वृद्धि हुँदै जाँदा ती सीपहरू पनि क्रमशः स्तरीकृत हुँदै जान्छन् । अर्को किसिमले भन्ने हो भने भाषिक सीपको विकास नै भाषिक कलाको विकास पनि हो । त्यसैले भाषिक सीप र भाषिक कलाका बीचमा पर्यावाची सम्बन्ध छ र दुवै एकअर्कासित अन्तर सम्बन्धित देखिन्छन् । सीप तथा कला जति अभ्यास गऱ्यो त्यति समृद्ध र परिष्कृत हुँदै जाने भएकाले भाषिक सीप वा भाषिक कलाको विकासमा अभ्यासको सर्वाधिक महत्व रहन्छन् (शर्मा र भण्डारी, २०६८:१०८) ।

एउटा सीपको अभावमा अर्को सीपको अस्तित्व नै लोप भएर जान सक्ने देखिन्छ । भाषा शिक्षणका क्रममा गरी चारओटा सीपलाई समान महत्व दिएर अगाडि लैजान सके नै भाषा शिक्षणको अभिष्ट पूरा हुन्छ । भाषा शिक्षण सीप भए तापनि सर्वप्रथम अरू कसैले बोलेको सुन्न पाउनु पर्छ अनि मात्र सुनाइ सीपको विकास हुन्छ । सुनाइ सीपको विकास भएपछि बोलाइ र बोलाइमा अभ्यस्त भएपछि लेखाइ र पढाइ सीपको विकास हुन सक्छ ।

सुनाइ सीपको विकास गराउनका लागि श्रुतिबोध, श्रुतिवर्णन, श्रुतिरचना, श्रुतिउच्चारण, श्रुतिलय, श्रुतिप्रश्नोत्तर श्रुति कथाकथन जस्ता अभ्यास गराउनु उपयुक्त देखिन्छ । त्यस्तै अभ्यासमा आधारित भएर शिक्षण गरेको खण्डमा नै सुनाइ र सीपमा दक्षता हासिल गर्न सकिन्छ । सुनाइ सीपको सम्बन्ध सबै सीपसँग अन्योन्याश्रित छ भन्ने कुरा माथिको कथनबाट प्रष्ट हुन्छ । यसपछिको बोलाइ सीप विकासमा पनि सुनाइ नै आधारभूत सीप बोलाइ हे । यो सीप विकासका लागि कुराकानी, अन्तर्वार्ता, संवाद, मौखिक प्रश्नोत्तर वस्तु, वस्तु वा चित्र वर्णन, कथा कथन, यात्रा, वर्णन, मौखिक प्रतिवेदन, विभिन्न खेल, वादविवाद, नाट्यात्मक अभिनयजस्ता अभ्यासहरूको आवश्यकता पर्दछ ।

लेखाइ र पढाइ सीप सुनाइ र बोलाइभन्दा केही कठिन सीप हुन् । लिपिवद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थबोध गर्ने कला पढाइ सीप हो । आवश्यक मानिन्छ । यो सीप विकासका लागि मौन पठन, सस्वर पठन, लयात्मक पठन, द्रुत पठन, भाव पहिचानजस्ता अभ्यासहरूको आवश्यक कता पहिचानजस्ता अभ्यासहरूको आवश्यकता पर्दछ । यस्तै मनिसको सामान्य अभिव्यक्ति बोलाइ सीपबाट हुने भए पनि यस सीपमा दक्षता हासिल गर्न लेखाइ सीप आवश्यक हुन्छ । सुनेका जानेका पढेका र अनुभव गरेका वा भोगेका कुराहरूलाई स्थायित्व वा लेखाइ लिपि चिह्नमा प्रकट हुने हुनाले भाषाका चार सीपमध्ये यो अन्तिम तर महत्वपूर्ण उपाय मानिन्छ (पौडेल, २०६६:३०९) । यो सीप विकासका लागि अनुलेखन, श्रुतिलेखन, हस्तलेखन, अनुभव तथा घटना लर्णन, चिठी र निवेदन लेखन, सारांश लेखन, निबन्ध लेखन जस्ता अभ्यासहरूको आवश्यकता पर्दछ ।

शब्द भण्डारको प्रयोग खासगरी 'गर र सिक' भन्ने धारणाबाट अभिप्रेरित भई पाठ्यपुस्तकमा समावेश गरिएका हुन्छन् । लेखाइ सीपका लागि उपयोगी हुने सामग्रीहरूको व्यस्थाले अभ्यासलाई अझ बढी प्रभावकारी बनाएको हुन्छ । यस्ता सामग्रीहरू व्याकरण, शब्द भण्डार र पठनबोधसँग सम्बन्धित गराएर राखिन्छन् । व्याकरणसम्बन्धी अभ्यासहरू अघि सारिएका हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीले के कति सीप सिकाइ हासिल गरे भन्ने जानकारीका लागि नमुना अभ्यास मिलाइए समस्या समाधान गर्न सक्ने हुनु पर्दछ । यस्ता अभ्यासबाट भाषाको ज्ञान सीपको मूल्याङ्कन गर्न सकिन्छ । शिक्षक र विद्यार्थीहरूको शैक्षिक कार्यक्रमबाट निरन्तर रूपमा अघि बढाउँन अभ्यासले नै मद्दत गर्दछ । शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गर्न र निर्माणात्मक मूल्याङ्कनलाई सहज बनाउन अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ ।

भाषा पाठ्यपुस्तकमा विभिन्न विषय क्षेत्रका विधाहरू समावेश गरिनुको उद्देश्य विभिन्न भाषिक सीपमा कुशलता प्राप्त गराउनुका पनि हो । अन्य विषयका सिकारुलाई जस्तो भाषाका सिकारुलाई निर्देशिन र प्रयोगबाट मात्र सिकाउन सिकाउन सम्भव हुँदैन । त्यसका लागि प्रशस्त अभ्यासको व्यवस्था गरिएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू भाषिक सीपका साथै पठनबोधसँग सम्बन्धित हुनुपर्दछ । पाठ्यवस्तुअनुसार अभ्यास राखिने हुनाले विद्याको प्रतिनिधित्व हुने गरी अभ्यासको निमाण गरिएको हुन्छ । विषयगत र पठनबोध जस्ता सामग्री राखेर पनि तिनीहरूले भाषिक सीप उजागर गर्ने किसिमका अभ्यासहरू राखिनु पर्दछ । भाषिक सीप उजागर गर्ने किसिमका अभ्यासहरू राखिनु पर्दछ । भाषिक सामग्रीका रूपमा शब्द भण्डार, किसिमका अभ्यासहरू राखिनु पर्दछ । भाषिक सामग्रीका रूपमा शब्द भण्डार, भाषिक संरचना,

वाक्यात्मक संरचना र वाक्यांश आदिलाई अभ्यासमा समावेश गरिन्छ। विषयगत सामग्रीको धारणा र विचारलाई स्पष्ट पार्ने गरी बोधसँग समाहित हुने सामग्रीहरू समावेश गरिएको हुन्छ।

### ४.२ छलफल/व्याख्या

प्रस्तुत शोधपत्र कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन रहेको छ। यस पाठ्यपुस्तक रहेका शब्द भण्डारहरूको छलफल तथा व्याख्या नै यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ। जसलाई तलका शीर्षक तथा उपशीर्षकहरूमा व्याख्या गरिएको छ।

### ४.२.१ पाठगत आधारमा शब्द भण्डारको अध्ययन

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन शीर्षकको शोधपत्रको अध्ययन गर्ने क्रममा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठको पाठगत आधारमा शब्द भण्डारको अध्ययन निम्नअनुसार गरिएको छ :

### ४.२.२ पाठ एक 'नेपाल' कवितामा समाविष्ट शब्द भण्डार

कविता लयात्मक विधा हो। कविता लयवद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ। लयात्मक एकालापको कथनपद्धतिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०६६:१)।

यस्ता अभ्याहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो। कविता शिक्षणलाई सरल बनाएर राख्नु नै भाषा पाठ्यपुस्तक ध्येय हो। कविता शिक्षणलाई सरल र प्रभावकारी बनाउन विविध क्रियाकलाप गर्न सकिन्छ। यसबाट कल्पनात्मक, भावनात्मकताको विकासमा सहयोग पुग्दछ। कविता सिर्जनाका लागि शब्द भण्डारको भूमिका महत्वपूर्ण हुने भएकाले शब्दार्थ तथा शब्द भण्डारमा विशेष क्रियाशील गराउनु पर्दछ। पहिलो पाठ 'नेपाल' कविताका नमुना अभ्यासमा प्रयोग भएका शब्दलाई निम्नअनुसार तालिकामा राखिएको छ।

यस पाठमा शब्द भण्डारहरू निम्न छन् :

१. उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाऊ :

जस्तै : नयाँ - पुरानो

इज्जत खुला स्वर्ग चढ्न पवित्र नरक

अपवित्र बन्द ओर्लन शान्ति बेइज्जत

२. तलका शब्दको उस्तै अर्थ दिने शब्द लेख :

तालिका नं १ : उस्तै अर्थ दिने शब्द

| | |
|---|---|
| विशाल | देश |
| पर्वत | वृक्ष |
| ध्वनि | किसान |
| जित | रक्त |
| विपत्ति | सङ्घष |

३. तलका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्यारो, मन्त्र, मान, सङ्गीत, पुर्खा

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा पढाइ सिपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले लेखाइ सिपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'नेपाल' कवितामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ र पढाइ सिपका लागि उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाऊ, उस्तै अर्थ दिने शब्द लेख र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.३ पाठ दुई 'भाग्य' कथामा समाविष्ट शब्द भण्डार

कथा भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधामध्ये रोचक विधामध्ये रोचक विधा भएकाले यसबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्दछ । कथा शिक्षणको प्रयोजन साहित्यिक आश्वादन गराउनु, भाषिक परिष्कारका साथै स्वस्थ मनोरञ्जन दिनु, विषयबोध र रुचि सम्बर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र निर्माण र सिर्जनशील दक्षमताको विकास

गराउनु हो (शर्मा र पौडेल, २०६०:१९८) । कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको अभिवृद्धि गर्न, कल्पना शक्तिको विकास गराउनका साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ । यस्ता सीप प्राप्तिका लागि कथन, कथा श्रवण, कथाको अनुकृत लेखन गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र प्रयोग गर्ने, श्रुतिलेखन, अनुलेखन गर्ने जस्ता कार्यकलाप समेटेर निर्माण गरेका नमुना अभ्यासले नै भाषिक सीपलाई उजागर गर्न सक्दछ ।

यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्ने अर्थ छानेर जोडा मिलाऊ :

जस्तै : छक्क - अचम्म

छक्क, अर्थ, देउता, निधार, आमा, श्रम, भगवान्, मिहिनेत, अचम्म, माता, तात्पर्य, ललाट

२. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : धनी- गरिब

धनी, धेरै, देउता, बलियो, नयाँ, असन्तुष्टि, थोरै, पुराना, गरिब, सन्तुष्टि, कमजोर, दानव

३. पढ, बुझ र गर :

काम चाहिँ तपाईं गर्ने तर भाग्य चाहिँ धनीरामको राम्रो हुने किन ? यो त काम गर्ने कालु मकै खाने भालु भएन र ।

पुन्टे साँच्चै हुने बिरुवाको चिल्लो पात भनेझैं सानैदेखि परिश्रमि र जिज्ञासु पनि थियो ।

माथिका वाक्यमा प्रयोग भएका उखानले सूत्रात्मक कथनलाई बुझाएका छन् । उखानलाई लोकोक्ति पनि भनिन्छ । उखानले अभिव्यक्तिलाई रोचक, स्पष्ट र मार्मिक बनाउँछन् ।

तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

गर्ने भन्ने हनुमान् पगरी गुथ्ने ढेडु, इन्द्रका अगाडि स्वर्गको बयान, आए आँप गए झटारो, हात्तीको मुखमा जिरा, नाच्न नजान्ने आँगन टेढो, बाँदरका हातमा नरिवल

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'भाग्य' कथामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ। लेखाइ सीपका लागि अर्थ छानेर जोडा मिलाऊ र उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाई कापीमा सार अभ्यास उपयुक्त देखिन्छ। पढाइ, लेखाइ, सुनाइ सीपका लागि पढ, बुझ र गर अभ्यास उपयुक्त हुन्छ।

**४.२.४ पाठ तीन 'देवकुमारी थापा' जीवनीमा समाविष्ट शब्द भण्डार**

जीवनी विधा विशिष्ट शक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ। जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ। यो गद्य खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरि सकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ। जीवनी विधाका पाठहरूमा श्रुतिबोध, पठनबोध सस्वर तथा मौन पठन, सारांश लेखन, घटनाक्रम मिलाउनु, क्रियाकलाप गराउनु अनुलेखन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग जस्ता क्रियाकलाप गराउनु पर्दछ। जुन नमुना अभ्यासले सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्दछ। यस पाठमा शब्द भण्डारहरू निम्न छन्।

१. तलका छ्यासमिस पारेर विपरीतार्थी शब्द राखिएका छन्। उदाहरण हेरी मिल्ने शब्द छानेर जोडा मिलाऊ :

उदाहरण : सक्षम - असक्षम

शिक्षित, पत्नी, सहाय, अशिक्षित, पति, विपन्न, थोरै, असहाय, सम्पन्न, सक्रिय, धेरै, निष्क्रिय, असल, रुचि, खराब, नमिठो, अरुचि, मिठो

२. तलका शब्दको अर्थ बताऊ :

जग, प्रेरणा, निर्माता, अमर, उदाहरण, व्यवस्था, चौतर्फी, हौसला, कर्तव्य, अडिग

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

आफन्त, आजीवन, मानव, समर्पित, प्रेरणादायी, मुहान

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'देवकुमारी थापा' जीवनीमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि छ्यासमिस पारेर विपरीतार्थी शब्द राखिएका छन् । उदाहरण हेरी मिल्ने शब्द छानेर जोडा मिलाऊ अभ्यास उपयुक्त देखिन्छ । पढाइ, लेखाइ दुवै सीपका लागि अर्थ बताऊ र वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ ।

**४.२.५ पाठ चार 'ग्रन्थचित्र' प्रबन्धमा समाविष्ट शब्द भण्डार**

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु मानव विचारलाई प्रस्तुत गरिएको लघु कुलेवरमा संरचित साहित्यिक विद्यालाई प्रबन्धका रूपमा लिइन्छ (भण्डारी र अन्य २०६६:४५३) । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध दक्षमताका साथै उद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइमा क्रममा निर्दिष्टसित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्दछ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । शब्द भण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. ग्रन्थ + चित्र - 'ग्रन्थचित्र' भएजस्तै तलका शब्दमा 'चित्र' जोडेर नयाँ शब्द बनाऊ :

मुहार, दृश्य, पौवा, रेखा

२. वाक्यमा प्रयोग गर :

मनोभाव, ताडपत्र, परम्परा, दुरवस्था

३. मिल्दो शब्द छानेर जोडा मिलाऊ :

पौवाचित्र : घर, दरबार, देवालय आदि निर्माण गर्ने सीप

| | |
|---|---|
| वास्तुकला : | मनलाई मोहित वा मुग्ध पार्ने |
| मन मोहक : | कागज, कपडा आदिमा देवी देवताको चित्र लेखिएको, प्राचीन शैलीको चित्र |
| ग्रन्थचित्र : | काली गण्डकीको तिरमा पाइने चक्र चिह्न भई विष्णुका रूपमा पूजा गरिने विशेष पत्थर |
| शालिग्राम : | ग्रन्थ वा शास्त्रको कथामा आधारित चित्र |
| | मनको भाव व्यक्त गर्ने चित्र |

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ। प्रश्न २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ।

**निष्कर्ष**

'ग्रन्थचित्र' प्रबन्धमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ। पढाइ र लेखाइ सीपका लागि तलका शब्दमा 'चित्र' जोडेर नयाँ शब्द बनाऊ, मिल्दो अर्थ छानेर जोडा मिलाऊ अभ्यास उपयुक्त हुन्छ। लेखाइ सीपका लागि वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ।

**४.२.६ पाठ पाँच 'निवेदन' निवेदनमा समाविष्ट शब्द भण्डार**

निवेदकलाई चिठी विधाअन्तर्गतको एक उपविधीका रूपमा लिन सकिन्छ। कुनै पनि कुराको स्वीकृति लिनु परेमा, कार्य समान्न गर्ने, सहयोग लिनु परेमा सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन पेश गरिन्छ। निवेदन लेखनका निम्ति, मिति सम्बोधन र पद, कर्यालयको नाम र ठेगाना, विषय, निवेदनको व्यहोरा, निवेदकको नाम, ठेगना स्पष्ट उल्लेख गरिएको हुनुपर्छ। निवेदन शिक्षण लेखाइ र सीपँग सम्बन्धित भए पनि यसले विद्याथीहरूमा विचार समप्रेषण, नेतृव क्षमता र लेखन शैलीको विकास गर्न मद्दत पुग्ने देखिन्छ। यस पाठमा शब्द भण्डारहरू निम्न छन्।

१. मिल्ने शब्द छानेर जोडा मिलाऊ :

| | | | | |
|---|---|---|---|---|
| आगामी | विगत | अवगत | गौरव | मिलनसार |
| जानकारी | इज्जत | आउँदो | बितेको | |

२. जिल्ला + स्तरीय - 'जिल्ला स्तरीय' भए जस्तै तलका शब्दमा स्तरीय जोडेर नयाँ शब्द बनाऊ :

विद्यालय, क्षेत्र, इलाका, वार्ड, टोल

३. तलका शब्दको विपरीतार्थी शब्द लेख :

आवश्यक, जेहेनदार, ठुलो, जित

४. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्रतियोगिता, अविस्मरणीय, अतिरिक्त, प्रथम, पुरस्कार

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३ र ४ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'निवेदन' मा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका अर्थ छानेर जोडा मिलाऊ, विपरीतार्थी शब्द लेख र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । लेखाइ सीपका लागि तलका शब्दमा स्तरीय जोडी नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.७ पाठ छ 'मित्रता' कथामा समाविष्ट शब्द भण्डार

कथा शिक्षणबाट कथानात्मक अभिव्यक्ति सीपको विकास गर्न, यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग श्रुतिलेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनु पर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेको शब्द भण्डारले नै भाषिक सीपलाई उजागर गर्न सक्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलका शब्दको अर्थ लेख :

प्रगाढ, अकिञ्चन, सर्वोत्तम, विश्राम

२. मित्र+ता - 'मित्रता' भएजस्तै तलका शब्दमा 'ता' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

शत्रु, कवि, दरिद्र, शिष्ट, समान

३. पर्यायवाची, शब्द छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| आचार्य | प्रयत्न | अकिञ्चन | अभिवादन | स्तर | |
| कोसिस | गुरु | नमस्कार | तह | दरिद्र | बन्धन |

४. अनुकरणात्मक शब्दसँग मिल्दो क्रिया छानेर जोडा मिलाऊः

| | | | | | |
|---|---|---|---|---|---|
| मुसुक्क | धुरुधुरु | झलक्क | क्वारक्वारती | टन्न | |
| रुनु | हाँस्नु | खानु | सम्झनु | हेर्नु | नाच्नु |

५. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

उन्मत्त हुनु, सत्तासीन हुनु, अङ्कमाल गर्नु, अशान्त हुनु, मुसुक्क मुस्कुराउनु

माथि दिइएका प्रश्न १ ले विद्यार्थीमा लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्ने किसिमको देखिन्छ भने प्रश्न नं. ३, ४ र ५ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'मित्रता' मा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि पर्यायवाची शब्द छानेर जोडा मिलाऊ, अनुकरणात्मक शब्दसँग मिल्दो क्रिया छानेर जोडा मिलाऊ र वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । लेखाइ सीपका लागि शब्दको अर्थ लेख र 'ता' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.८ पाठ सात 'सिप र श्रम' कवितामा समाविष्ट शब्द भण्डार

कविता शिक्षण गर्दा विशेषत लययुक्त सस्वर वाचन, भाव पहिचान प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । यस्ता अभ्यासहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्ने अर्थ छानेर जोडा मिलाऊ :

आँखा, माया, आसिक, किरण, नयन, प्रकाश, प्रेम, आशिर्वाद

२. उल्टो अर्थ छानेर जोडा मिलाऊ :

वारि, सपना, उठ, माया, घाम, सुत, छाया, पारि, घृणा, विपना

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

सिप, पाखुरा, मुटु, सारङ्गी, सपना

४. शुद्धसँग उच्चारण गर :

मर्स्याङ्दी, सिर्जना, अँगालेर, सँगालेर

५. तल दिइएका शब्दलाई सच्याएर लेख :

एस्तो, सोरहरू, बतुलेर, वारीभरी

६. कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ ।

माथि दिइएका प्रश्न ५ र ६ ले विद्यार्थीमा लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. १, २, ३, ४ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'सिप र श्रम' कवितामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि मिल्ने अर्थ छानेर जोडा मिलाऊ, उल्टो अर्थ छानेर जोडा मिलाऊ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर र शुद्धसँग उच्चारण गर अभ्यास उपयुक्त हुन्छ । लेखाइ सीपका लागि शब्दलाई सच्याएर लेख, कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.९ पाठ आठ 'भूगोलविद् हर्क गुरुङ' जीवनीमा समाविष्ट शब्द भण्डार

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । यो गद्य विधा खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरिसकेका वा गरि रहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । यस विधामा माध्यमबाट विशिष्ट व्यक्तिहरूका जीवन चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यसमा लिखित तथा मौखिक अभिव्यक्तिको विकास गर्ने खालका बोध, सारांश

लेखन, सप्रसङ्ग व्याख्या भाव प्रष्ट पार्ने, श्रुतिबोध, सस्वर तथा मौन पठन, कठिन शब्दको उच्चारण अर्थ र प्रयोग, बुँदाटिपोट, सिलसिला मिलाएर घटना क्रमको प्रस्तुति गर्ने भाषिक सीप विकासका क्रियाकलापसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । कुनै पनि व्यक्तिको चरित्र निर्माण एवम् सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट मार्ग निर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्वपूर्ण पक्ष हो । यसमा भएका शब्द भण्डारले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्नेछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :

| | | | | |
|---|---|---|---|---|
| सुगम | सुन्दर | दृश्य | प्रकाशित | |
| अदृश्य | दुर्गम | अप्रकाशित | कुरूप | वन्यजन्तु |

२. तलका शब्दको अर्थ लेख :

निकुञ्ज, अनुकरणीय, सजीव, जाज्वल्यमान, उपत्यका

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

पर्यटन, लगनशील, हस्तान्तरण, छात्रवृत्ति

४. राष्ट्र + व्यापी - राष्ट्रव्यापी भएजस्तै तलका शब्दमा व्यापी जोडेर नयाँ शब्द बनाऊः

जिल्ला, क्षेत्र, देश, उपत्यका, सप्ताह

माथि दिइएका प्रश्न २ र ४ ले विद्यार्थीमा लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. १ र ३ ले लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'भूगोलविद् हर्क गुरुङ' जीवनीमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ, तलका शब्दको अर्थ लेख र अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । लेखाइ सीपका लागि शब्दको अर्थ लेख र राष्ट्र + व्यापी-राष्ट्रव्यापी भएजस्तै तलका शब्दमा व्यापी जोडेर नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.१० पाठ नौ 'प्रकृति र वातावरण' प्रबन्धमा समाविष्ट शब्द भण्डार

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धको रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३)। शब्द भण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ। यस पाठमा शब्द भण्डारहरू निम्न छन्।

१. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| स्वच्छ | पुञ्ज | सूर्य | हावा | जगत् | |
| रास | दिवाकर | सफा | संसार | वायु | प्राकृतिक |

२. विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| जीवन | सन्तुलन | प्राकृतिक | अतिवृष्टि | प्रतिकूल | |
| अप्राकृतिक | मरण | अनावृष्टि | असन्तुलन | अखाद्य | अनुकूल |

३. तलका शब्दको अर्थ भन :

भूक्षय, संरक्षण, विवेक, अतिवृष्टि

४. वि+कृति-'विकृति' भएजस्तै तल दिइएका शब्दमा 'वि' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

ज्ञान, योग, चार, मति, कृति

५. विवेक+शील-'विवेकशील' भएजस्तै तलका शब्दमा 'शील' जोडेर नयाँ शब्द बनाऊ :

कर्म, उद्यम, विचार, गति, कल्पना

६. कु+रूप-'कुरूप' भएजस्तै तलका शब्दमा 'कु' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

कार्य, कर्म, विचार, दिन, दृष्टि

७. वातावरण+ईय-'वातावरणीय' भएजस्तै तलका शब्दमा 'ईय', प्रत्यय लगाएर नयाँ शब्द बनाऊः

केन्द्र, मानव, दानव, स्वर्ग, आत्मा

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

वनस्पति, वातावरण, विसङ्गति, कल्पनाशील, सञ्चार, प्रदूषण, संरक्षण, स्वच्छ

९. माथिको पाठमा प्रयोग भएका केही पारिभाषिक तथा प्राविधिक शब्दहरू दिइएका छन् । शिक्षकको सहायताले अर्थ बुझ र लेख :

ग्यास, अम्ल, तापक्रम, रसायन, खनिज, भूक्षय

माथि दिइएका प्रश्न १, २, ८ र ९ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. ३ ले बोलाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ साथै प्रश्न ४, ५, ६ र ७ ले लेखाइ सीपको विकास गर्न सहयोग पुग्नेछ ।

**निष्कर्ष**

'प्रकृति र वातावरण' प्रबन्धमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि 'वि' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ, 'शील' जोडेर नयाँ शब्द बनाऊ, 'कु' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ, माथिको पाठमा प्रयोग भएका केही पारिभाषिक तथा प्राविधिक शब्दहरू दिइएका छन् । शिक्षकको सहायताले तिनको अर्थ बुझ र लेख र 'ईय' प्रत्यय लगाएर नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि मिल्दो अर्थ छानेर जोडा मिलाऊ, विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । बोलाइ सीपका लागि तलका शब्दको अर्थ भन अभ्यास उपयुक्त हुन्छ ।

**४.२.११ पाठ दश 'एउटा घटना' कथामा समाविष्ट शब्द भण्डार**

कथा शिक्षकबाट कथनात्मक अभिव्यक्ति, सीपको वृद्धि गर्न, कल्पना शक्तिको विकास गराउन साथै पठन बोध, श्रुतिबोध गराउन सकिन्छ । यस्ता सीप प्राप्तिका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गरानउ सकिन्छ । कथामा मध्यमबाट सस्वर तथा मौनपठन, पठन बोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन, अनुलखनजस्ता कार्यलाप गराउन सकिन्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यकलाप समेटेर निर्माण गरेका शब्द भण्डारले नै भाषिक सीपलाई उजागर गर्न सक्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलका शब्दको अर्थ लेख :

रुचि, प्रगति, गर्व, भाव, क्षमता

२. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

अनौठो, बिरलै, शक्ति, सहमति

३. प्र+दर्शन - 'प्रदर्शन' भएजस्तै तल दिइएका शब्दमा 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

हार, कार, योग, चार, कृति, गति

१२. अघि + तिर - 'अघिल्तिर' भएजस्तै तल दिइएका शब्दहरूबाट नयाँ शब्द बनाऊ :

तल + तिर -

माथि + तिर -

मुनि + तिर -

माथि दिइएका प्रश्न २, ३ र ४ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. १ ले लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'एउटा घटना' कथामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि तलका शक्ब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर, 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ र अघि+तिर-'अघिल्तिर' भएजस्तै तल दिइएका शब्दहरूबाट नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.१२ पाठ एघार 'दाजुलाई चिठी' मा समाविष्ट शब्द भण्डार

विद्यार्थीमा चिठ्ठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरूले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट अभिव्यक्ति, आदर, अभिवाद गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ । पत्र रचना लेख्य क्रियाकलाप भएकाले यसअन्तर्गत घरायसी चिठ्ठी, कार्यालयीय र व्यापारिक क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको क्रियाकलापद्वारा शिक्षण गरिन्छ । यसका साथै चिठी शिक्षणमा नमुनाको उपयोग गरी तिनको ढाँचा र अङ्गको सोदाहरण परिचय समेत दिई सोहीअनुरूप अभ्यास गराउनु पर्दछ । चिठी व्यवहारिक र प्रयोजनपरक विधा भएकाले यसमा पनि कार्यकलापमुखी अभ्यासहरूको संयोजनमा जोड दिइनु पर्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलका शब्दको अर्थ लेख :

प्रतीक्षा, भविष्य, शीघ्रातिशीघ्र, प्रतिभा, कर्तव्य

२. उदाहरण हेरी तल दिइएका अनेकार्थी शब्दहरूको फरक अर्थ बुझ र वाक्यमा प्रयोग गर :

जस्तै : पत्र-चिठी : रविले दाजुलाई पत्र लेख्यो ।

पत्र-पाना : रविनाले किताबका पत्र पल्टाइन् ।

तर, फुल, पुरा, मान, फल, कर, अर्थ, कल, ताल

माथि दिइएका प्रश्न २ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. १ ले लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'दाजुलाई चिठी' मा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि उदाहरण हेरी गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ ।

**४.२.१३ पाठ बाह्र 'मेरो घर' कवितामा समाविष्ट शब्द भण्डार**

कविता लयात्मक विधा हो । कविता लयवद्ध वाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । लयात्मक एकालापको कथनपद्धतिलाई कविताको रूपमा चिनिन्छ (भण्डारी र पौडेल, २०७०:१) । यस्ता अभ्याहरूलाई भाषिक सीपसँग अन्तरसम्बन्धित बनाएर राख्नु नै भाषा पाठ्यपुस्तकको ध्येय हो । कविता शिक्षणलाई सरल बनाएर राख्नु नै भाषा पाठ्यपुस्तक ध्येय हो । कविता शिक्षणलाई सरल र प्रभावकारी बनाउन विविध क्रियाकलाप गर्न सकिन्छ । यसबाट कल्पनात्मक, भावनात्मकताको विकासमा सहयोग पुग्दछ । कविता सिर्जनाका लागि शब्द भण्डारको भूमिका महत्वपूर्ण हुने भएकाले शब्दार्थ तथा शब्द भण्डारमा विशेष क्रियाशील गराउनु पर्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| भूतल | कर्मवीर | अर्चना | सहेली | | |
| पूजा | पृथ्वीको बाहिरी भाग | सधैं काममा खट्ने | | माया | साथी |

२. तलका शब्दको अर्थ लेख :

माघी, छठ, मारुनी, खर, धर्ती

३. वाक्यमा प्रयोग गर :

हिमाल, बिहान, आनन्द, पहाड, तिहार

४. पाठबाट चन्द्रबिन्दु लागेका पाँचवटा शब्द खोजेर लेख ।

माथि दिइएका प्रश्न १ र ३ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. २ र ४ ले लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'मेरो घर' कवितामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि शब्दको अर्थ लेख र पाठबाट चन्द्रबिन्दु लागेका पाँचवटा शब्द खोजेर लेख अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि जोडा मिलाऊ र वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ ।

**४.२.१४ पाठ तेह्र 'विज्ञान अभिशाप नभई वरदान' वादविवादमा समाविष्ट शब्द भण्डार**

वादविवाद शिक्षणको अभ्यास गराउँदा प्रश्नोत्तर कुराकानी, हाउभाउ, भाव पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, वाद विवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनुलेखन आदि क्रियाकलाप गराउनु पर्दछ । यसको मौखिक अभ्यास गराउँदा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ स्वरको आरोह अवरोह, आघात, गति यति आदिको ख्याल गर्नुपर्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलको तालिकामा देखाइए जस्तै गरी प्रत्यय जोडी शब्द बनाऊ :

तालिका नं. २ : जोडी शब्द बनाउ

| प्रत्यय | शब्द | शब्द + प्रत्यय | थप शब्दहरू |
|---|---|---|---|
| इक | समुद्र | समुद्र+इक - सामुद्रिक | समाज, दिन, विज्ञान, यन्त्र |
| इत | विकास | विकास+इत - विकसित | केन्द्र, प्रदूषण, सञ्चालन, प्रतिष्ठा |
| ईय | ताप | ताप+ईय - तापीय | मानव, दानव, केन्द्र, स्वर्ग, आत्मा |

२. तलका शब्दको अर्थ लेख :

वरदान, आक्षेप, अभिशाप, अन्तरिक्ष

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

गर्ल्यामगुर्लुम, शिष्ट, टुलुटुलु, प्राण घातक, साँधुरो

४. तल दिइएका प्राविधिक शब्दहरूलाई वाक्यमा प्रयोग गर :

कम्प्युटर, इन्टरनेट, यन्त्र मानव, परमाणु बम, एटम बम

५. उल्टो अर्थ दिने शब्द छानेरु जोडा मिलाऊ :

| | | | | |
|---|---|---|---|---|
| सम्भव | वरदान | आधुनिक | दुरूपयोग | |
| उपयोग | असम्भव | प्राचीन | अभिशाप | आविष्कार |

६. मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| प्रगति | त्रास | कपोल कल्पित | नयाँ | निदान | |
| उन्नति | मन गढन्ते | समाधान | सन्त्रास | नवीन | गोपनीयता |

माथि दिइएका प्रश्न १, ३, ४, ५ र ६ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. २ ले लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'विज्ञान अभिशाप नभई वरदान' वादविवादमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि प्रत्यय जोडी शब्द बनाऊ, वाक्यमा प्रयोग गर, वाक्यमा प्रयोग गर, उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ, मिल्ने शब्द छानी जोडा मिलाऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.१५ पाठ चौध 'साहित्यकार रवीन्द्रनाथ ठाकुर' जीवनीमा समाविष्ट शब्द भण्डार

शब्द भण्डारले विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : उत्कृष्ट - निकृष्ट

आकर्षण पिता औपचारिक

अनौपचारिक विकर्षण अरुचि माता

२. उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ :

चकित प्रसिद्ध अनमोल स्वतन्त्र

प्रख्यात अमूल्य विछोड छक्क मुक्त

३. तलका शब्दका एकभन्दा बढी अर्थ पढ र बुझ :

तालिका नं. ३ : अर्थ पढ र बुझ

| | | |
|---|---|---|
| सम्पन्न | १. धनी | २. सकिएको |
| मौका : | १. संयोग | २. अवसर |
| क्षेत्र : | १. स्थान | २. खेत |
| दृष्टि : | १. आँखा | २. हेराइ |
| सङ्ग्राम : | १. सङ्घर्ष | २. लडाइँ |

४. तलका शब्दहरूको अर्थ भन :

विविध, साहित्यकार, प्रतिष्ठा, गौरवमय, मनोरम, गहकिलो, गृहस्थ, स्रोत, आराधना, निर्भीक, अन्तराल, ममतामयी

५. 'विभूषण' शब्दबाट 'विभूषित' भएझैं तलका शब्दबाट हुने रूप लेख :

रचना ............... प्रसार ................

प्रतिष्ठा ................ आकर्षण ................

व्यवस्था ................ शिक्षा ................

६. साहित्य+कार - 'साहित्यकार' भएजस्तै तलका शब्दबाट नयाँ शब्द बनाऊ :

कथा, उपन्यास, नाटक, चित्र, सङ्गीत, गीत, मूर्ति

७. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्रतिभा, विश्व, अभ्यास, अमर, प्रेरणा

माथि दिइएका प्रश्न २, ६ र ७ ले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. १ र ५ ले लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न नं. ३ ले पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ भने प्रश्न नं. ४ ले बोलाइ सीपको विकास गराउँछ ।

**निष्कर्ष**

'साहित्यकार रवीन्द्रनाथ ठाकुर' वादविवादमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । लेखाइ सीपका लागि विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार, 'विभूषण' शब्दबाट 'विभूषित' भएझैं तलका शब्दबाट हुने रूप लेख अभ्यास उपयुक्त हुन्छ । लेखाइ र पढाइ सीपका लागि उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ, साहित्य+कार-'साहित्यकार' भएजस्तै तलका शब्दबाट नयाँ शब्द बनाऊ र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । त्यस्तै पढाइ सीपका लागि एकभन्दा बढी अर्थ पढ र बुझ अभ्यास उपयुक्त हुन्छ भने बोलाइ सीपका लागि तलका शब्दहरूको अर्थ भन अभ्यास उपयुक्त हुन्छ ।

**४.२.१६ पाठ पन्ध्र 'ठग समातियो' कथामा समाविष्ट शब्द भण्डार**

कथा शिक्षणका लागि कथा कथन, कथा श्रवण, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. उल्टो अर्थ छानेर जोडा मिलाऊ :

| | | | | |
|---|---|---|---|---|
| चोर | साँझ | उज्यालो | सजिलो | आवाज |
| अँध्यारो | बिहान | असजिलो | साधु | |

२. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| एक्कासि | अनुहार | हडबडाएर | चलाख | छक्क | |
| पैसा | आत्तिएर | अचम्म | मुहार | आतुर | आकस्मिक |

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

चकित, चिन्तित, खर्च, औषधी, ठक्कर

माथि दिइएका प्रश्न १, २ र ३ सबै अभ्यासले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'ठग समातियो' कथामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । सबै अभ्यास पढाइ र लेखाइ सीपका लागि उल्टो अर्थ छानेर जोडा मिलाऊ, मिल्दो अर्थ छानेर जोडा मिलाऊ, अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ ।

**४.२.१७ पाठ सोह्र 'कम्प्युटर र इन्टरनेट' प्रबन्धमा समाविष्ट शब्द भण्डार**

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु कलेवरमा संरचित साहित्यिक विधालाई प्रबन्धको रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) । शब्द भण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सूक्ष्म | उपकरण | स्वचालित | अनुपम | मस्तिष्क | अपुरो | |
| आफैं चल्ने | अनौठो | अति सानो | अन्तर्सम्बन्ध | अधुरो | यन्त्र | दिमाग |

२. उल्टो अर्थ दिने शब्द छानी जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| जटिल | आदान | वैज्ञानिक | सजीव | स्वीकार | |
| प्रदान | अस्वीकार | सरल | निर्जीव | अवैज्ञानिक | सार्थक |

३. पाठमा कम्प्युटर, टेलिफोन, डेस्कटप जस्ता प्राविधिक शब्दहरू प्रयोग भएका छन् । पाठबाट दशवटा प्राविधिक शब्दहरू टिप र वाक्यमा प्रयोग गर :

४. तलका शब्दको अर्थ लेख :

नियन्त्रण, आर्थिक, जटिलतम, परियोजना

५. उप+करण-'उपकरण' भएजस्तै तल दिइएका शब्दमा 'उप' उपसर्ग लगाएर नयाँ शब्द बनाऊः

सर्ग, कार, देश, चार, योग

६. गणित+ईय-'गणितीय' भएजस्तै तल दिइएका शब्दमा 'ईय' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

ताप, तथ्याङ्क, केन्द्र, गणना, वर्ग, विद्युत

माथि दिइएका प्रश्न १, २, ३, ५ र ६ अभ्यासले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न ४ ले लेखाइ सीपको विकास गराउँछ ।

**निष्कर्ष**

'कम्प्युटर र इन्टरनेट' प्रबन्धमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि मिल्दो अर्थ छानेर जोडा मिलाऊ, उल्टो अर्थ दिने शब्द छानी जोडा मिलाऊ, पाठबाट दसवटा प्राविधिक शब्दहरू टिप र वाक्यमा प्रयोग गर, 'उप' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ, 'ईय' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ। त्यस्तै लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ ।

**४.२.१८ पाठ सत्र 'हामी एउटै हौं' एकाङ्कीमा समाविष्ट शब्द भण्डार**

नाटक-एकाङ्की मानिसलाई स्वस्थ मनोरञ्जन दिने उद्देश्यले विकसित भएको साहित्यिक विधा हो । मनोरञ्जनका अरु कुनै साधन नभएको अवस्थामा यो एकमात्र उत्तम साधन बनेको थियो । यो छोटो र एकोन्मुख विषयलाई थोरै पात्रहरूका माध्यमबाट अभिनयात्मक ढङ्गले प्रस्तुत गर्ने विधा हो । एकाङ्कीमा विभिन्न परिस्थिति एवम् अवस्थाहरूको अनुकरण हुन्छ। भाषा शिक्षणमा एकाङ्कीबाट सामान्य प्रयोजन त पूरा हुन्छ नै विशिष्ट प्रयोजनका लागि पनि एकाङ्की शिक्षण गर्न आवश्यक छ (खनिया र अन्य, २०६६: १३८) । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

शान्त उत्तम प्रश्न

अनुत्तम अशान्त राष्ट्र उत्तर

२. तलका शब्दको अर्थ लेख :

माथ, तैनाथ, कर्मशील, प्रसन्न, गर्वसाथ

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

सन्तति, चक्र, स्वतन्त्र, भूमण्डल, प्वाँख फिँजाएर नाच्नु, धुम्म पर्नु

माथि दिइएका प्रश्न १ र ३ अभ्यासले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ। प्रश्न २ ले लेखाइ सीपको विकास गराउँछ।

**निष्कर्ष**

'हामी एउटै हौं' एकाङ्कीमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ। पढाइ र लेखाइ सीपका लागि उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ र अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ। त्यस्तै लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ।

**४.२.१९ पाठ अठार 'आह्वान' कवितामा समाविष्ट शब्द भण्डार**

कविता साहित्यको उत्कृष्ट विधा हो। यो भाव, कल्पना र बुद्धि तीनै कुराको सम्मिश्रणबाट सिर्जना हुन्छ। कविता अनुभूति हो। यो सङ्क्षेपमा व्यक्त हुन्छ। लयात्मकता यसको शीर्ष वैशिष्ठ्य हो। संरचना र शैलीका दृष्टिले कविता अन्य विधाभन्दा धेरै नै भिन्न हुन्छ। कविताहरू नीति प्रधान इतिहास प्रधान, समान प्रधान, संस्कृति प्रधान, प्रकृति प्रधान आदि विभिन्न खालका हुन्छन् (खनिया र अन्य, २०६६: १३२)। यस पाठमा शब्द भण्डारहरू निम्न छन्।

१. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| विश्वास | जाडो | वर्षा | मैदान | फैलिन्छ | |
| टापु | खुम्चिन्छ | रित्याउन | गर्मी | अविश्वास | हिउँद |

२. मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

| | | | | | |
|---|---|---|---|---|---|
| चोखो | वर्गत | आँखा | पीडा | आकाश | |
| शक्ति | दुःख | पवित्र | नेत्र | जाडो | गगन |

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

मुटु, चौतारी, स्पर्श, पसिना, ज्वाला, पेट भर्नु, जाडो छोप्नु

४. निर्+विकार-'निर्विकार' भएजस्तै तलका शब्दमा 'निर्' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

माया, दोष, धन, विकल्प, जन

५. तलका शब्दको अर्थ लेख :

पीडा, भिर, सम्भावना, वर्गत, कैलाश

माथि दिइएका प्रश्न १, २, ३ र ४ अभ्यासले विद्यार्थीमा लेखाइ र पढाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न ५ ले लेखाइ सीपको विकास गराउँछ ।

**निष्कर्ष**

'आह्वान' कवितामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ, मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ, अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । त्यस्तै लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ ।

**४.२.२० पाठ उन्नाइस 'सिंह र स्यालको कथा' कथामा समाविष्ट शब्द भण्डार**

कथा साहित्यको रोचक विधा हो । यसबाट भाषिक सीपहरूको विकास गर्न प्रत्यक्ष सहयोग पुग्दछ । कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषयवोध, अभिरुचि सम्वर्द्धन र विश्लेषणात्मक प्रतिभाको. विकास गर्न गराउन सकिन्छ ।

कथा शिक्षणको प्रयोजन सहित्यिक आवस्वादन गराउनु, भाषिक परिष्कारका साथै स्वस्थ मनोरञ्जन दिनु, विषयवोध र रुचि सम्वर्द्धन गर्नुका साथै नैतिक उपदेश, अनुशासन, चरित्र, निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६०:१९८) ।

अतः कथा शिक्षण माध्यमबाट, कथन शैली, पठन सीप, पठन वोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ  र प्रयोग, श्रुति लेखन, अनुलेखन, सस्वर तथा मौन पठन जस्ता कार्यकलाप गराउनु पर्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) । यस्ता कार्यलाप समेटेर निर्माण गरेका शब्द भण्डारले नै भाषिक सीपलाई उजागर गर्न सक्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलका शब्दको अर्थ भन :

वृत्तान्त, सनातन, विदुषी, क्षितिज, हठात्

२. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

टाप कस्नु, ज्यान जोगाउनु, आगो हुनु, कुलेलम ठोक्नु, निराश हुनु, शरणको मरण गर्नु

माथि दिइएका प्रश्न १ अभ्यासले विद्यार्थीमा बोलाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न २ ले पढाइ र लेखाइ सीपको विकास गराउँछ ।

**निष्कर्ष**

'सिंह र स्यालको कथा' कथामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ । त्यस्तै बोलाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.२१ पाठ बीस 'नेपाली संस्कृति' प्रबन्धमा समाविष्ट शब्द भण्डार

गद्य भाषामा लेखिएको जीवन जगतकै विषयवस्तु, भाव विचारलाई प्रस्तुत गरिएको लघु आयाममा संरचित साहित्यिक विधालाई प्रबन्धमा रूपमा लिइन्छ (भण्डारी र अन्य, २०६६:४५३) ।

यस विधाले साहित्यको सरलदेखि गहनम क्षेत्रलाई पनि समेट्न सक्छ । यो तथ्यपरक, सूचनात्मक र जानकारी मूलक हुन्छ । यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका सार्थ गद्यात्मक लिति अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा लेखन अभ्यास गराउनु पर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त प्रबन्ध शिक्षणका क्रममा अभ्यासका रूपमा सस्वर पठन, बुँदाटिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनु लेखन जस्ता अभ्यास गराउनु आवश्यक हुन्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) ।

शब्द भण्डार शिक्षणका लागि भने प्रबन्ध निकै प्रभावकारी विधा मानिन्छ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. तलका समावेशक शब्दसँग समावेश्य शब्दको जोडा मिलाऊ :

जस्तै : बाजा - मादल

| | | | | | |
|---|---|---|---|---|---|
| फुल | नेपाल | नाच | धर्म | वृक्ष | |
| तराई | चमेली | हिन्दु | लाखे | काग | पिपल |

२. तलका शब्दको अर्थ बताऊ :

विविधतामय, धर्मावलम्बी, तमाम, प्रशंसक, समृद्धि, सङ्गम

३. अर्थ खुल्ने गरी वाक्य लेख :

सुवास, दानवीर, विकृति, लोकप्रिय, समुन्नति, अनुकरणीय, इन्द्रेणी, आनन्दित, लालायित, जिउँदाको जन्ती मर्दाको मलामी, गाँस छोड्नु साथ नछोड्नु

माथि दिइएका प्रश्न २ अभ्यासले विद्यार्थीमा बोलाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ । प्रश्न १ र ३ ले पढाइ र लेखाइ सीपको विकास गराउँछ ।

**निष्कर्ष**

'नेपाली संस्कृति' प्रबन्धमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका तीनओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि जोडा मिलाऊ र अर्थ खुल्ने गरी वाक्य लेख अभ्यास उपयुक्त हुन्छ । त्यस्तै बोलाइ सीपका लागि तलका शब्दको अर्थ बताऊ अभ्यास उपयुक्त हुन्छ ।

### ४.२.२२ पाठ एक्काइस 'सर आइज्याक न्युटन' जीवनीमा समाविष्ट शब्द भण्डार

जीवनी विधा विशिष्ट शक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यो गद्य खास कुनै क्षेत्रमा उल्लेखनीय काम गरि सकेका वा गरिरहेका व्यक्तिका व्यक्तिगत विषयसँग सम्बन्धित हुने हुनाले यसमा चारित्रिक विशेषताको प्रस्तुतिमा जोड दिइन्छ । जीवनी विधाका पाठहरूमा श्रुतिबोध, पठनबोध सस्वर तथा मौन पठन, सारांश लेखन, घटनाक्रम मिलाउनु, क्रियाकलाप गराउनु अनुलेखन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग जस्ता क्रियाकलाप गराउनु पर्दछ (मा.ने.शि.पा., २०६४) । जुन शब्द भण्डारले सिर्जनात्मक क्षमताको विकास गर्नुका साथै प्रयोजनपरक भाषिक क्षमता हासिल गर्न थप ऊर्जा प्रदान गर्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

तालिका नं. ४ : जोडा मिलाऊ

| | |
|---|---|
| धूपघडी | न्युटनको प्रसिद्ध किताब |
| टेलिस्कोप | शक्ति, क्षमता, योग्य |
| प्रिन्सिपिया | वायुको वेगबाट चल्ने मेसिन |
| वायुघट्ट | दूर दर्शन |
| सामर्थ्य | घाम (सोलार) को शक्तिबाट चल्ने घडी |
| परिक्रमा | आशा गरेभन्दा धेरै |
| विलक्षण | वरिपरि घुम्ने काम |
| | अनौठो |

२.तलका शब्दको अर्थ लेख :

वायुघट्ट, उपहार, रहस्य, बृहस्पति, गुरुत्वाकर्षण

३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

अनुसन्धान, विलक्षण, सामर्थ्य, सङ्घर्षमय

४. विज्ञान+इक-'वैज्ञानिक' भएजस्तै तलका शब्दमा इक प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

दिन, भूगोल, इतिहास, समाज, पुराण

माथि दिइएका प्रश्न २ अभ्यासले विद्यार्थीमा लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ। प्रश्न १, ३ र ४ ले पढाइ र लेखाइ सीपको विकास गराउँछ।

**निष्कर्ष**

'सर आइज्याक न्युटन' जीवनीमा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुइओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि जोडा मिलाऊ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर र शब्दहरूमा इक प्रत्यय जोडेर नयाँ शब्द बनाऊ अभ्यास उपयुक्त हुन्छ । त्यस्तै लेखाइ सीपका लागि तलका शब्दको अर्थ लेख अभ्यास उपयुक्त हुन्छ ।

**४.२.२३ पाठ बाइस 'स्वाभिमान' कथामा समाविष्ट शब्द भण्डार**

कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध प्रश्नोत्तर, बुँदाटिपोट, सारांश घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र वाक्यमा प्रयोग, श्रुतिलेखन, अनुलेखनजस्ता कार्यकलाप गराउनु पर्दछ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६८९) । यस्ता कार्यकलापमा समेटेर निर्माण गरेका शब्द भण्डारले नै भाषिक सीपलाई उजागर गर्न सक्दछ । यस पाठमा शब्द भण्डारहरू निम्न छन् ।

१. मिल्दो शब्द छानेर जोडा मिलाऊ :

जस्तै : सूर्य-दिवाकर

सूर्य, डर, मौका, पत्र, अपमान, शिर, अवसर, चिठी, दिवाकर, त्रास, माथ, तिरस्कार

२. तलका टुक्कालाई उदाहरणमा देखाएजस्तै गरी वाक्यमा प्रयोग गर :

टुक्का : कानमा तेल हालेर बस्नु

उदाहरण : भोलिदेखि जिल्ला स्तरीय परीक्षा भए तापनि सरोज पढ्न छोडेर कानमा तेल हालेर बसेको छ ।

रातारात आँखा पार्नु, खेलवाड गर्नु, आफ्नै टाउकामा आफैंले बन्चरो हान्नु, धावा बोल्नु, जोरी खोज्नु, वचन दिनु, तिललाई पहाड बनाउनु, बाध्य हुनु, जाल रच्नु

माथि दिइएका प्रश्न १ र २ दुवै अभ्यासले विद्यार्थीमा पढाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

**निष्कर्ष**

'स्वाभिमान' कथामा प्रयुक्त अभ्यास शब्द भण्डारमा राखिएका अभ्यासहरू भाषाका दुईओटै सीप विकास गर्नका लागि समावेश गरेको पाइन्छ । पढाइ र लेखाइ सीपका लागि जोडा मिलाऊ र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर अभ्यास उपयुक्त हुन्छ ।

## ४.३ सबल तथा दुर्बल पक्ष

पाठ्यपुस्तकमा समावेश गरिएका समग्र शब्द भण्डारहरूको अध्ययन गर्दा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य प्राप्तिमा सहयोग पुग्ने देखिन्छ । समूहगत कार्यकलापप्रति अभ्यासहरू अपर्याप्त रहेकाले समावेशात्मक दृष्टिले शब्द भण्डारहरू अपूर्ण देखिन्छन् । प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यका आधारमा निष्कर्षलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :

**सबल पक्ष**

क. आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार पुर्नमुद्रण गरी पाठ्यक्रमले निर्धारण गरेका पढाइ, बोलाइ, लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएका छन् ।

ख. प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारहरू विधा अनुरूप नै संयोजन गरिएको छ ।

ग. सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारिक सीप अभिवृद्धि गर्नेतर्फ शब्द भण्डार केन्द्रित रहेको छ ।

घ. शब्द भण्डारलाई विविधीकरण गरी प्रस्तुत गरिएको छ ।

ङ. शब्द भण्डारका अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास गरिएको छ ।

च. शब्द भण्डारमा पढाइ सीपसँग सम्बन्धित अभ्यासको बीचमा दिइएको छ ।

छ. सीपपरक अभ्यास र ज्ञानपरक अभ्यास एकले अर्कालाई सहयोग गर्ने भएकाले सोही अनुसार अभ्यासहरूको तादात्म्यता मिलाई अभ्यास राखिएको छ ।

**दुर्बल पक्षहरू**

क. कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारमा व्याकरिणक भाषिक सीपलाई समेट्ने प्रयास गरिए तापनि लेखाइ सीपलाई बढी जोड दिइएको देखिन्छ ।

ख. पाठ्यक्रमले भाषाका तीनै सीपको विकास गर्ने उद्देश्य राखेको भए पनि सुनाइ र बोलाइ शुद्धसँग सार अभ्यास न्यून रहेको देखिन्छ । यो पाठ्यक्रम अनुरूपताका दृष्टिले उपयुक्त देखिँदैन ।

ग. अभ्यासका लागि दिइएका निर्देशनहरू स्पष्ट नभएकाले कतिपय स्थितिमा शिक्षक र विद्यार्थी अलमलिन सक्ने देखिन्छ ।

घ. वादविवाद तथा संवाद मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा भए पनि बोलाइ सीपको विकास गर्ने खालका अभ्यासको कमी रहेको पाइन्छ ।

ङ. पाठ्यपुस्तकमा सुनाइ सीपसम्बद्ध अभ्यास नहुनलाई कमजोर पक्षको रूपमा लिन सकिन्छ ।

च. पाठको अन्त्यमा दिइएका व्याकरणका अभ्यासहरूको वर्गीकरण नमिलेको देखिन्छ । यस्ता अभ्यासहरू सरलदेखि जटिलको क्रममा रहेको देखिँदैन ।

छ. विद्यार्थीहरूमा व्यवहारिक सीपको विकासमा क्रियाकलापमुखी अभ्यासले सहयोग पुऱ्याउँछ तर यहाँ प्रयुक्त अभ्यासहरू न्यून मात्रामा क्रियाकलापमुखी रहेका छन् ।

# अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो। पाठ्यक्रमकै आधारमा पाठ्यसामग्री पाठ्यपुस्तक निर्माण गरिन्छ। पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जन परिवर्तन गरिनु अपरिहार्य छ। यसै सन्दर्भमा कक्षा आठको नेपाली पाठ्यपुस्तक आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले पुनर्मुद्रण गरी वि.सं. २०७२ सालबाट देशभर लागु गरिएको छ। प्रस्तुत कक्षा आठको पुनर्मुद्रण पाठ्यपुस्तकमा समावेश गरिएका शब्द भण्डारहरूको भाषिक सीप विकासका दृष्टिले उपयुक्तताको अध्ययन गर्न तथ्यगत व्याख्या विश्लेषण गरिएको छ।

सिकारुमा भाषिक सीप विकासका लागि भाषा पाठ्यपुस्तकमा रहेका शब्द भण्डारको महŒवपूर्ण भूमिका हुन्छ। भाषाका तीनै सीपको विकास गर्ने उद्देश्य शब्द भण्डारबाट पूरा गर्ने लक्ष्य लिइएको हुन्छ। त्यसैगरी जोडा मिलाऊ, अर्थ बताऊ, अर्थ लेख, पढ बुझ र गर, विपरीतार्थी शब्द लेख, शुद्धसँग उच्चारण गर, शिक्षकलाई देखाऊ वाक्य निर्माण सम्बन्धी अभ्यासले मद्दत पुऱ्याउने देखिन्छ। समग्रमा प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारहरू स्तरीय देखिन्छन्। वादविवाद, एकाङ्की जस्ता समूहगत रूपमा गरिने कार्यकलाप पाठमा समावेश गरिए पनि अभ्यासमा त्यसलाई न्यून रूपमा समावेश गरेको पाइन्छ।

भाषिक सीप र दक्षता वृद्धिका लागि शब्द भण्डारको महŒवपूर्ण भूमिका रहन्छ। बोलाइ सीपअन्तर्गतका शुद्ध उच्चारण गर्ने, मौखिक उत्तर दिने जस्ता अभ्यासले बोलाइ सीपको उद्देश्य पूरा गर्न सक्दछन्। लेखाइ अन्तर्गत अर्थ लेखन, वाक्य बनाउने, जोडा मिलाऊ जस्ता अभ्यासहरूलाई लिन सकिन्छ। पाठलाई पढ्ने अभ्यासले पढाइ सीपसँग सम्बन्धित अभ्यास पूरा गर्न मद्दत पुऱ्याउँछ। पढाइ सीप अन्तर्गतका लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न सक्ने उद्देश्य पूर्तिका लागि विभिन्न विधासम्बद्ध अर्थ पढ, बुझेर भन जस्ता अभ्यास प्रस्तुत पुस्तकमा समावेश गरिएको देखिन्छ। त्यसैगरी लेखाइ सीपसँग सम्बन्धित वाक्य बनाऊ, जोडा मिलाऊ जस्ता अभ्यास पनि समावेश गरिएको पाइन्छ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययनबाट निकालिएका सुधारात्मक पक्षलाई केलाउँदा निम्न सुझाव प्रस्तुत गर्न सकिन्छ :

क. अभ्यासमा स्पष्ट निर्देशन दिइनु पर्दछ।

ख. उच्चारण अभ्यासलाई पाठ सुरु गर्नुभन्दा पहिले राखिनु पर्दछ ।

ग. शब्द भण्डारका अभ्यासलाई क्रमवद्ध र उपयुक्त स्तरमा प्रस्तुत गरिनु पर्दछ ।

घ. चित्रात्मक अभ्यासहरूको संयोजन गरी वर्णन गर्न लगाउँदा अझ प्रभावकारी हुन्छ ।

ङ. पढाइ तथा मौखिक अभिव्यक्ति कलाको विकास गर्ने अभ्यास थप गर्नुपर्छ ।

च. अभ्यासमा रुचि संवर्द्धन गर्ने कार्यकलाप पनि समेट्नु पर्ने देखिन्छ ।

छ. अभ्यासहरू लेखाइ सीपलाई बढी महत्व दिइएको हुँदा यसलाई सुधार गरेर सुनाइ, बोलाइ र पढाइ जस्ता भाषिक सीपलाई पनि उत्तिकै महत्व दिनुपर्छ ।

ज. पाठ्यपुस्तकमा विभिन्न जातजाति, पिछडिएका वर्ग तथा अपाङ्ग विद्यार्थीका लागि पनि उपयोगी हुने खालका अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ ।

झ. विद्यार्थीको रुचि, स्तर र उमेरलाई ख्याल गरी शब्द भण्डार निर्माण गर्नुपर्ने देखिन्छ ।

ञ. अभ्यासहरू समावेश गर्दा उच्च, मध्यम र निम्न खालका राखिनुपर्ने देखिन्छ ।

ट. शब्द भण्डारको संयोजन गर्दा पाठ्यक्रमको क्षेत्र र क्रमलाई विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

ठ. पाठ्यपुस्तकमा शब्द भण्डार परिमार्जित हुँदै आए पनि अझ परिमार्जन र सुधार गर्नु आवश्यक देखिन्छ ।

### ५.३ उपयोगिता

भाषा पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डार सम्बन्धी भएका विभिन्न अध्ययन अनुसन्धानबाट विभिन्न क्षेत्रमा सहयोग पुगेको देखिन्छ । यस्ता अध्ययनहरूबाट सम्बन्धित तह र कक्षाका पाठ्यक्रम पाठ्यपुस्तकको विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारसम्बन्धी गरिएका अनुसन्धानहरू धेरै भए तापनि त्यो ठोस रूपमा प्रयोग पक्षमा उपयोगी हुन नसकेको देखिन्छ । कतिपय अनुसन्धानले सैद्धान्तिक पक्षलाई मात्र उल्लेख गरी त्यसको व्यवहारिक पक्षको पहिचान गर्न नसकेको देखिन्छ । जसले गर्दा भाषिक सीप हासिल गर्न विद्यार्थीहरूलाई अन्योलमा पार्न सक्दछ । प्रस्तुत शोधकार्यबाट सम्बन्धित कक्षाको पाठ्यपुस्तकको खोज कार्यमा सहयोग पुग्न सक्दछ । शिक्षक तथा विद्यार्थीहरूले भाषिक सीप विकासका लागि विभिन्न अभ्यास र सीप विकासका कार्यलाई कति महत्वका साथ हेर्नुपर्ने भन्ने कुराको जानकारी प्राप्त हुन्छ । विद्यार्थीहरूलाई अभ्यासका क्रममा अनावश्यक रूपमा अलमलिने स्थितिको निकारण भई उच्च सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्दछ । शिक्षण सिकाइ

कार्यकलाप तथा परीक्षा र प्रश्नपत्र निर्माणबीचको दुरीलाई कम गर्न साथै पाठ्यक्रम र पाठ्यपुस्तकको विकास तथा सुधारमा समेत यस अध्ययनले महत्वपूर्ण सहयोग पुऱ्याउँदछ भन्ने अपेक्षा गर्न सकिन्छ। साथै भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न मद्दत गर्दछ। पाठ्यपुस्तक एउटा साधन मात्र हो, साध्य पाठ्यक्रम नै हो भन्ने कुरालाई ख्याल गरी पाठ्यपुस्तकमा रहेका अभ्यास मात्रै पर्याप्त नहुने हुनाले थप अभ्यास र कार्यकलाप गर्न गराउन शिक्षकलाई प्रेरित गर्दछ। कक्षा शिक्षणलाई क्रियाकलाप मुखी गराउन जोड दिनुका साथै पाठ्यक्रमका उद्देश्य अनुरूप पर्याप्त शब्द भण्डारहरूको संयोजन गरी पाठ्यपुस्तक सुधार गर्न मद्दत पुऱ्याउँछ।

### ५.३.१ नीतिगत तह

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा पुर्नमुद्रण पाठ्यक्रम (२०६९) मा आधारित प्रस्तुत कक्षा आठको नेपाली पाठ्यपुस्तक विविध दृष्टिकोणबाट प्रभावकारी पुस्तक हो। यस पाठ्यपुस्तकभित्र समाविष्ट शब्द भण्डारसम्बन्धी अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा सहयोग पुऱ्याउने देखिन्छ। निश्चित तहका लागि निर्माण गरिएको पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ। यस अध्ययन शिक्षक निर्देशिकालाई परिमार्जन गरी पाठ्यक्रम विकास केन्द्रलाई सल्लाह सुझाव प्रदान गर्न उपयोगी रहेको छ। निर्देशिका लेखन तथा छपाइ कार्यमा सरोकारवाला पक्षलाई सचेत तुल्याउन प्रयास गरेको छ। पाठ्यक्रमले विद्यार्थीको विविधता, क्षमता, स्तर र रुचिको प्रतिनिधित्व गर्न सक्ने उद्देश्य राख्नु पर्दछ। जसले गर्दा विद्यार्थीमा पाठ्यपुस्तकमा सहज रूपमा सिकाइ उपलब्धि हासिल हुन सक्दछ। पाठ्यपुस्तकमा पाठ सम्बद्ध अभ्यासलाई समाहित गर्नु पर्ने उत्तिकै आवश्यक हुन्छ। यस शोधकार्यबाट प्रशोधन भएका निष्कर्षहरूले पाठ्यपुस्तक लेखनका क्रममा भएका त्रुटिहरू निराकण गर्न सहयोग पुऱ्याउँछ।

### ५.३.२ कार्यान्वयन तह

प्रस्तुत अध्ययन मूलतः भाषिक सीप शिक्षणसँग सम्बन्धित छ। यसै सन्दर्भमा नेपाली भाषा शिक्षण गर्दा के कस्ता भाषिक सीप कस्ता कस्ता अभ्यासबाट सिक्न सकिन्छ भन्ने कुरा थाह पाउन यस अध्ययनले मद्दत पुऱ्याउँछ। पाठ्यक्रमले निर्देश गरे अनुरूपको अभ्यासहरूको कमी भएमा पाठ सम्बद्ध अभ्यासहरू थप गरी क्रियाकलाप गराउन पनि मद्दत पुग्ने देखिन्छ। पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर सम्बन्ध र त्यसमा समाविष्ट शब्द भण्डारको कमी कमजोरी पहिल्याई आवश्यक संशोधन गर्नका लागि पनि यस अध्ययनले मद्दत पुऱ्याउन सक्दछ। विद्यार्थीमा सिर्जनात्मक क्षमताको विकास गर्नका साथै शिक्षकका लागि पाठ सम्बद्ध क्रियाकलापहरू गराउन

समेत मद्दत गर्दछ । भाषा शिक्षणलाई समावेशीकरण गरी शैक्षिक क्षति न्यूनीकरण गर्न सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमका उद्देश्य अनुरूप पर्याप्त शब्द भण्डारको संयोजन गरी पाठ्यक्रममा सुधार गर्न साथै विद्यार्थी केन्द्रित र कार्यकलापमुखी शिक्षण सिकाइको प्रबर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

कक्षा आठमा अध्यापनरत शिक्षकले भने कक्षा आठको नेपाली पाठ्यपुस्तकका अभ्यास गराउँदा पुस्तकले दिएको अभ्यास क्रमभन्दा पनि आफ्नो स्वविवेक पुऱ्याई विद्यार्थीलाई सरल हुने क्रममा गराउनु वृद्धिमानी हुन्छ । उच्चारण अभ्यासलाई पाठभन्दा पहिले शब्द भण्डारका अभ्यासलाई पाठ सँगसँगै गराउनु र बाँकी अभ्यास त्यसपछि गराउनु उपयुक्त देखिन्छ ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक

प्रस्तुत 'कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन' शीर्षकको शोध कार्यले भावी अनुसन्धाताहरूलाई यस अध्ययनमा भएका कमी कमजोरहिरूको पहिचान गरी नयाँ विषयमा अध्ययन गर्न मद्दत पुग्दछ । पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई विद्यार्थीको स्तर र क्षमता अनुरूप विभाजन गरी भाषिक सीप हासिल गर्न नयाँ ढाँचाको अनुसन्धानका लागि मार्गदर्शक बन्न सक्छ । शब्द भण्डारहरूलाई सीपगत र तहगत आधारमा विश्लेषण गरी नयाँ अनुसन्धानका लागि पूर्वकार्यको रूपमा यस अध्ययनले सहयोग पुऱ्याउन सक्छ ।

### ५.४ भावी अध्ययनका लागि सम्बन्धित शोध शीर्षकहरू

क. कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको पाठ्यक्रमक अनुरूपताका आधारमा अध्ययन

ख. छनोट र स्तरणका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट शब्द भण्डारको अध्ययन

ग. शब्द भण्डारमा भाषिक त्रुटिको प्रभाव

घ. स्तर अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन

ङ. कक्षा आठका शब्द भण्डारहरूको तुलनात्मक अध्ययन

## सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०६९) *प्राथमिक शिक्षक दिग्दर्शन,* काठमाडौंः अनिश बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५९) *नेपाली भाषा शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५९), *प्रारम्भिक नेपाली शिक्षण,* भोटाहिटी काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, पार्वती (२०५९), *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,* (अप्रकाशित शोधपत्र) कीर्तिपुर काठमाडौं ।

काफ्ले, लक्ष्मी (२०६९), *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,* सुकुना बहुमुखी क्याम्पस (स्नातकोत्तर तह शोधपत्र) शोधपत्र ।

खनिया, बुद्धराज, अधिकारी, रामकुमार र दाहाल, विप्रहरि (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौंः जुपिटर प्रकाशक तथा वितरण प्रा.लि. ।

गेलाल, राजनकुमार (२०६८), *कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* सुकुना बहुमुखी क्याम्पस (स्नातकोत्तर तह शोधपत्र) शोधपत्र ।

ढुङ्गाना, लक्ष्मी (२०६९), *कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* सुकुना बहुमुखी क्याम्पस (स्नातकोत्तर तह शोधपत्र ।

ढुङ्गेल, भोजराज, दाहाल दुर्गाप्रसाद (२०६३), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स ।

पराजुली, ढाकाकुमारी (२०६९), *कक्षा छको हाम्रो नेपाली किताब र रसिलो नेपालीभित्र समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* सुकुना बहुमुखी क्याम्पस (स्नातकोत्तर तह शोधपत्र) ।

पौडेल, नेत्र (२०७०), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं, पैरवी प्रकाशन ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम,* पाठ्यक्रम विकास केन्द्र सानोठिमीः भक्तपुर ।

भण्डारी, पारसमणि घिमिरे, तुलसीराम र नेपाल शक्तिराज (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६), *नेपाली कविता र काव्य,* भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, ओझा रामनाथ, सखिशरण सुवेदी र सुवेदी अर्जुनप्रसाद (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेशन ।

माध्यमिक नेपाली शिक्षा पाठ्यक्रम (२०६४), काठमाडौंः एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि ।

राई, कमलसरी (२०७४), *उर्वशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) इटहरी, सुनसरी : जनता बहुमुखी क्याम्पस ।

लम्साल, रामचन्द्र र ज्ञवाली, रामप्रसाद (२०७२), *नेपाली कक्षा आठ,* नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

लामिछाने, यादवप्रकाश (२०७०), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।